का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १५३
❒ ३ साउन २०७८, आइतबार
❒ 18 July 2021, Sunday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक




# जसपामा नयाँ समीकरण, यादव बहुमतमा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ साउन ।



जनता समाजवादी पार्टी (जसपा) भित्र फेरि नयाँ समीकरण देखा परेको छ। निर्वाचन आयोगमा दलको वैधानिकता विवादमा रहेको जसपाभित्र नेताहरुले खेमा परिवर्तन गरेसँगै समीकरण बदलिएको हो । शनिबार अध्यक्ष उपेन्द्र यादवले बोलाएको बैठकमा ठाकुर पक्ष छोडेर चार सांसद सहभागी भएका थिए ।

पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा शनिबार बसेको बैठकमा प्रमोद साह, अमृता अग्रहरी, रानी मण्डल र नरमाया ढकाल सहभागी भएका थिए । शुक्रबार ठाकुर पक्षले बोलाएको बैठकमा यी सांसदहरु अनुपस्थित रहेका थिए। एक नेताका अनुसार ठाकुर पक्षबाट अझै केही सांसदहरु यादवतिर उभिने निश्चित भएको छ । यसको अर्थ जसपामा यादव पक्ष प्रष्ट बहुमतमा देखिएका छन्। गएको ७ जेठमा प्रतिनिधिसभा विघटन हुँदा जसपा व्यवहारिक र राजनीतिक रुपमा विभाजित भएको थियो। ठाकुर पक्ष ओलीलाई साथ दिदै सरकारमा सहभागी भएको थियो ।

ओलीले एघार जनालाई मन्त्री नै बनाएका थिए । तर एघार जनालाई सर्वोच्च अदालतले पदमुक्त गरेको थियो । त्यसबेला ३२ सदस्यीय जसपामा ठाकुर पक्षमा २० सांसद उभिएका थिए। यादव पक्षमा भने १२ सांसद मात्रै थिए । यो १२ सांसदले नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने प्रस्तावमा हस्ताक्षर गरेका थिए । तर ओलीले प्रतिनिधिसभा विघटन गरेपछि सर्वोच्च अदालतमा दायर मुद्दामा पनि यो १२ जनाले हस्ताक्षर बुझाएका थिए ।

> प्रतिनिधिसभाको चौथो दल जनता समाजवादी पार्टी (जसपा) भित्र फेरि नयाँ समीकरण देखिएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा जसपाका महन्थ ठाकुर पक्षमा लागेका सांसदहरू फेरि अर्का अध्यक्ष उपेन्द्र यादवतिर लागेका छन् ।

प्रतिनिधिसभा पुनर्स्थापना भएर देउवा प्रधानमन्त्री नियुक्त भएपछि भने जसपाको समीकरण समेत बदलिएको छ । ठाकुर पक्षलाई छोडेर यादवतिर लाग्ने सांसद संख्या अझै बढ्ने दावी गरिएको छ । "उपेन्द्र यादवको पक्षमा उभिने भनेर २२ जनाले हस्ताक्षर गरिसक्नुभएको छ । अझै बढ्न सक्छ", एक नेताले भने । यसको अर्थ औपचारिक विभाजनको तयारीमा रहेको जसपाभित्र ठाकुर अल्पमतमा पर्ने भएका छन् ।

स्रोतका अनुसार, राष्ट्रियसभामा पनि दुई जनाले ठाकुरलाई छोडेर यादव रोजेका छन् । ५२ सदस्यीय कार्यकारिणी समितिमा पनि ३२ जना यादवतिर रहेको दावी गरिएको छ। यसअघि ३० जना थिए । तर ७ जेठको प्रतिनिधिसभा विघटन हुँदा भने २८ जना मात्रै यादवतिर रहेको जनाइएको थियो । कार्यकारिणी समिति, राष्ट्रियसभा र प्रतिनिधिसभामा समेत यादव पक्ष बहुमतमा भएपछि ठाकुर पक्षले भने संकटमा परेको छ ।

आफू निकट शीर्ष नेताहरु सहित ठाकुर एमाले अध्यक्ष ओलीलाई भेट्न शनिबार बालकोट पुगेका थिए । यसको अर्थ ठाकुर पक्ष संकटमा रहेको बुझ्न गाह्रो पर्दैन । किनकि ओलीकै आडभरोसा र विश्वासमा ठाकुर पक्षले असंवैधानिक कदम चालेर प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचनमा जाने निर्णय गरेको थियो । यो निर्णयसँगै जसपा औपचारिक रुपमा विभाजन नजिक पुगेको थियो ।

# ओली–नेपाल प्रष्ट, बाँकी अलमलमा





> पार्टी विभाजन गरेर अलग हुन नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र बरिष्ठ नेता माधवकुमार नेपाल प्रष्ट अडानमा छन् । तर दोस्रो तहका नेताहरू भने अझैपनि एकता जोगाउन लागिपरे पनि प्रयत्न सफल हुनेमा विश्वस्त छैनन् ।

**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, २ साउन ।

एकपछि अर्कोगरी एक्लौटी निर्णय गर्दै अगाडि बढेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार मात्रै स्थायी कमिटी र संसदीय दलको बैठक राखे । दुवै बैठकमा बरिष्ठ नेता माधवकुमार नेपाल पक्षका नेताहरु अनुपस्थित रहे । शुक्रबार बिहान ललितपुरको च्यासलमा बसेको स्थायी कमिटी बैठक रोक्न नेता नेपाल तर्फका नेताहरु पुगेका थिए । एकता जोगाउन गठित कार्यदलमा नेता नेपाल तर्फबाट सदस्य रहेका नेताहरु उपाध्यक्ष भीम रावल, उपमहासचिव घनश्याम भूसाल, सचिवहरु गोकर्ण बिष्ट र भीम आचार्य अनि नेता सुरेन्द्र पाण्डे च्यासल पुगेका थिए ।

तर अध्यक्ष ओलीले उनीहरुको आग्रहअनुसार बैठक रोक्न

बाँकी पृष्ठ २ मा

## दोस्रो तह सक्रिय

दोस्रो तहका नेताहरु शनिबार पनि अनौपचारिक छलफलमा जुटेका छन् । शुक्रबार नै ओलीले कार्यदल विघटनको निर्णय गरेका थिए। तर ओली र नेपाल तर्फका नेताहरु १० बुंदे सहमतिका आधारमा पार्टीलाई एकताबद्ध बनाउने छलफलमा जुटेका छन् ।

सिंहदरबारमा ओली र नेपाल पक्षका केही नेता बीच भएको छलफलमा दश बुंदे सहमतिका आधारमा नै पार्टीलाई एकताबद्ध बनाइने निष्कर्ष निकालिएको हो । संसदीय दलका उपनेता सुवास नेम्बाङले नयाँ सहमतिलाई कार्यान्वयन गर्दै अगाडि बढाएर

बाँकी पृष्ठ २ मा

# बिस्तारै सामान्यकालतिर

> र गएको वैशाख/जेठको तुलनामा जनजीवन सामान्यतर्फ उन्मुख भएको छ । कतिपय जिल्लाले निषेधाज्ञा हटाइसकेका छन् भने आदेश लागू गरेका जिल्लामा पनि खुकुलो बनाइएका छ ।

**विष्णु लक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २ असार ।

कोरोना संक्रमणको दोस्रो लहरसम्म आइपुग्दा नौ हजार पाँच सय बढीको ज्यान गइसकेको छ। पहिलो लहरको संक्रमणले तीन हजार हाराहारीको मृत्यु भएको थियो । तर दोस्रो लहरको संक्रमणबाट मृतक उच्च अवस्थामा पुग्यो । अहिले पनि संक्रमित र मृत्यु हुने दर निकै छ ।

शनिबार सार्वजनिक रिपोर्ट अनुसार २४ घण्टाभित्र २१ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ। एक हजार तीन सय १० जनामा संक्रमण पुष्टि भएको छ भने दुई हजार १६४ जना संक्रमित निको भएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ६ लाख ६५ हजार ८८६ जना संक्रमित भइसकेका छन्। अहिले पनि उपचारत संक्रमितको संख्या २५ हजार बढी छन् ।

तर मुलुक सामान्यकाल तर्फ उन्मुख बनेको छ । शनिबार संक्रमण पुष्टि भएको संख्या पनि पछिल्लो अवस्थामा सबैभन्दा कम हो । यसअघि दिनहुँ तीन हजारसम्म संक्रमण पुष्टि हुने गरेको थियो । तर गएको वैशाख/जेठको तुलनामा जनजीवन सामान्यतर्फ उन्मुख भएको छ। कतिपय जिल्लाले निषेधाज्ञा हटाइसकेका छन् भने आदेश लागू गरेका जिल्लामा पनि खुकुलो (लुज डाउन) गरिएको छ। काठमाडौं उपत्यकामा असारदेखि खुकुलो बनाइएको निषेधाज्ञा साउनदेखि भने विशेष कामका लागि उपत्यका भित्रिने सवारी साधनलाई पास नचाहिने व्यवस्था गरेर थप सहजीकरण गरिएको छ।

जनजीवन सामान्यतर्फ उन्मुख भइरहँदा पछिल्ला तथ्याङ्कले कोभिड-१९ को जोखिम भने कायमै रहेको देखाएको छ। शुरुमा एक्कासिमाथि उठेर तल झरेको संक्रमणको ग्राफ पुन उकालो लाग्न थालेकाले वर्तमान परिस्थितिमा नागरिकले पनि सावधानी अपनाउनुपर्ने र राज्यले पनि भिडभाड

बाँकी पृष्ठ २ मा

# खोप खोज्दा खोज्दै भिसा नै सकिने डर

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २ साउन

वैदेशिक रोजगारीका लागि कतार जाने बाध्यतामा रहेका पोखराका इन्द्र पोखरेल आइतबार विहान पहिलो फ्लाइटबाट काठमाडौं आउने तयारीमा छन् । उनी रोजगारीका लागि कतार जान नभई कोरोना भाइरस (कोभिड-१९) विरुद्ध एक चोटीमात्र लगाए पुग्ने जोन्सन एण्ड जोन्सन खोपको खोजी गर्दै जहाज चेढेर पोखराबाट काठमाडौं आउन लागेका हुन् ।

पोखरेल शुक्रबार र शनिबार दिनभर जोन्सन एण्ड जोन्सनको खोप खोज्दै पोखराको कन्या क्याम्पस नदीपुर पुगे तर पाएनन्। बिहीबार र शुक्रबार भेरोसेल खेप दिइएको उक्त केन्द्रमा शनिबार त भेरोसेल पनि सकिएको थियो ।

उनले मध्यान्हसंग भने, 'पोखरमा खोप पाइएला जस्तो छैन । आइतबार पहिलो फ्लाइटबाट काठमाडौं जान्छु, काठमाडौंमा ४ गतेबाट जोन्सन एण्ड जोन्सनको खोप बाँड्ने भन्ने सुनेको छु।'

कतारको हिल्टन होटलमा काम गर्ने पोखरेल वर्षौंदेखि गर्दै आएको रोजगारी गुमाउन मन नरहेका कारण खोप लगाएर जसरी भए पनि रोजगारीमा जोडिनुपर्ने बाध्यता रहेको सुनाउँछन् ।

वैदेशिक रोजगारीकै लागि युरोपेली मुलुक पोल्याण्ज जान ठीक्क परेका बागलुङका शोभित खत्री खोप नपाएकै कारण जान पाएका छैनन्। रुपन्देही सैनामैनाका झग सारु ५ बर्षदेखि संयुक्त राज्य अमेरिकामा एक पानी जहाज कम्पनीमा मालिक एक लाखभन्दा बढी कमाई हुने गरेको कुकको

## वैदेशिक रोजगार विशेष

काम गर्थे । केहि महिना अघि छुट्टीमा नेपाल त आए तर अहिले अमेरिका जान खोप पाइरहेका छैनन्। उनले खोपकै लागि शुक्रबार र शनिबार दिनभर लुम्बिनी अञ्चल अस्पताल बुटवल आउजाउ गरे । लुम्बिनी अञ्चल अस्पतालमा भेरोसेल खोप दिइएको थियो । उक्त खोप लगाएको कम्तीमा तीन हप्तापछि मात्र अर्को खोप लगाउनु पर्ने र भेरोसेलले मान्यता नपाएका कारण आफुलाई उक्त खोप पाएपनि काम नलाग्ने भन्दै जोन्सन एण्ड जौन्सनको खोप नै खोज्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।उनी भन्छन्, 'खोप खोज्दा खोज्दै मेरो त भिला नै सकिने जस्तो भएको छ। म त बर्बादै हुन्छु होला । '

पोखेरेल र सारु मात्र होइन बिदामा घर आएका वा पहिलो पटक वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतामा रहेका नेपाली कामदारहरु जोन्सन एण्ड जोन्सनको खोप नपाएका कारण तनावमा देखिएका छन्। विगत दश वर्षदेखि साउदी अरबमा ड्राईभरको रोजगारी गर्दै आएका बुटवलका कमल श्रेष्ठ र उनका तीन जान साथीहरु हातमा कम्पनीले पठाएको जहाजको टिकट भएपनि खोप लगाउन नपाएका कारण रोजगारीका लागि उड्न नपाएको बताउँछन् ।

उनले भने, 'साउदीमा चीनको भेरोसेलले मान्यता पाएको छैन, घर आएको ५ महिना भइसक्यो कम्पनीले टिकट पठाएको छ तर म र अरु तीनजना साथीहरु खोप लगाउन नपाएका कारण फर्किन पाइरहेका छैनौं । खोप नपाए पीसीआर परीक्षण गरेर साउदीको दमाममै क्वारेन्टिनमा बस्ने गरी भएपनि जानुपर्ने सोच बनाएको छु।'

चीन र अमेरिकाबाट भेरोसेल र जोन्सन एण्ड जोन्सनको खोप आएपछि स्वास्थ्य तथा जनासंख्या मन्त्रालयले गत सोमबार वैदेशिक रोजगारीमा जाने कामदारलाई खोपको प्राथमिकतामा राख्दै भेरोसेलको खोप दिने निर्णय गरेको थियो । तर सरकारको उक्त निर्णय वैदेशिक रोजगारीका लागि जाने कामदारहरुका लागि व्यवहारिक नदेखिएपछि उनीहरुलाई एक पटक मात्र लगाए पुग्ने जोन्सन एण्ड जोन्सनको खोप दिने माग गर्दै गत सोमबार नै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले केन्द्रीय कोभिड व्यवस्थापन केन्द (सीसीएमसी)लाई पत्राचारसमेत गरेको थियो ।

खोप लिन श्रम स्वीकृत लिएको कामदारले त्यसको निस्सा र राहदानीसहित तोकिएको खोप केन्द्र जानुपर्ने मन्त्रालयले जनाएको छ । तर खोप लगाउने केन्द्र नतोकिंदा आफुहरुले उक्त खोप कहाँ लगाउने एकिन नभएको कारण तनावमा रहेको पराजुलीको भनाइ छ। उचित खोपको प्रवन्ध नभएपछि राष्ट्रिय मानव

बाँकी पृष्ठ २ मा


## कर्मचारीहरूको आवश्यकता

यस पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि. मुख्य कार्यालय, काठमाडौंको लागि निम्न पदहरुको लागि कर्मचारीको आवश्यकता भएको हुनाले सम्बन्धित क्षेत्रमा अनुभव भएको ईच्छुक व्यक्तिले आफ्नो बायोडाटा र अनुभवका प्रमाणपत्र सहित तुरन्त सम्पर्क गर्नु होला।

**कार्यालय प्रबन्धक : १**
- कार्यालय व्यवस्थापन काममा दक्ष भएको ।

**श्रम प्रतिनिधि : १**
- सम्बन्धित काममा दक्ष भएको ।

**सेक्रेटरी : १ (Female)**
- सम्बन्धित काममा दक्ष तथा कम्प्युटर को Word, Excel र Email चलाउन जान्ने हुनुपर्दछ ।

**रिसेप्सनिस्ट : १ (Female)**
- सम्बन्धित काममा दक्ष तथा कम्प्युटर को Word, Excel र Email चलाउन जान्ने हुनुपर्दछ ।

इच्छुक महानुभावहरुले आफ्नो बायोडाटा info.pukaragency@gmail.com मा पठाउनुहोला ।

**पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.**
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं
E-mail : - info.pukaragency@gmail.com

# बाढीपहिरोले आठ जलविद्युत आयोजनामा क्षति

**काठमाडौं/मस**-यस वर्षको मनसुनका कारण हालसम्म विभिन्न आठ जलविद्युत् आयोजनामा क्षति पुगेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतको विद्युत् विभागका अनुसार अध्ययनमा ती आयोजनामा बाढी पहिरोका कारण क्षति पुगेको पाइएको हो।

विभागका अनुसार ती आयोजनाको क्षमता २०८ मेगावाट रहेको छ। विभागका अनुसार गत जेठ ३१ गते र असार १ गते लम्जुङको दोर्दी खोलामा आएको बाढी तथा पहिरोका कारण १२ मेगावाट क्षमताको दोर्दी एक जलविद्युत् आयोजनामा क्षति पुगेको हो।

यस्तै २७ मेगावाट क्षमताको हिमालयन पावर पार्टनर लिमिटेडले निर्माण गरिरहेको दोर्दी खोलामा समेत क्षति पुगेको छ। विभागका अनुसार २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी, ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख'मा समेत क्षति पुगेको छ। सो नदी करिडोरमा निर्माण भइरहेका कूल चार आयोजनामा क्षति पुगेको विभागको अध्ययनमा देखिएको छ।

यस्तै कलङ्गा खोला जलविद्युत् आयोजनामा




समेत बाढीका कारण क्षति पुगेको छ। सो आयोजनामा समेत गत जेठ ३१ गते र असार १ गतेको बाढी पहिरोले क्षति पुऱ्याएको हो। सो आयोजनाको क्षमता १५.३३ मेगावाट छ।

विभागका अनुसार बाढी, पहिराका कारण २४ मेगावाट क्षमताको मादमे खोला, ७.२७ मेगावाट क्षमताको याम्लिङ खोला र ४४ मेगावाट क्षमताको सुपर मादीमा समेत ठूलो क्षति पुगेको छ। सो आयोजनाको निर्माण सामग्री र उपकरण बाढीले बगाएको छ। यस्तै बाँधस्थल तथा कफर ड्याममा समेत क्षति पुगेको छ। बाढीको पानी निर्माणाधीन विद्युत् गृहमा पसेको थियो भने प्रसारण लाइनमा सामान्य क्षति पुगेको छ। स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इपान)ले बाढी, पहिरोका कारण क्षति पुगेका आयोजनालाई क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरेको छ।

यसैबीच आगामी सोमबारसम्म देशभर सामान्यदेखि पूर्ण बदली रही धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। देशको पहाडी भूभागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहनका साथै ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुनसक्ने भएकाले जल तथा मौसम विज्ञान विभागले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ। आइतबार देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम तथा सुदूरपश्चिम, लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ।

## बाँके डायरी
पवन जायसवाल/मध्यान्ह

# लियो क्लब अफ नेपालगन्ज सेन्ट्रलको गठन



बाँकेमा एस.ओ.एस. युवालय नेपालगन्जका युवाहरुको एक भेलाले लियो क्लब अफ नेपालगन्ज सेन्ट्रलको गठन गरेको छ। लायन्स क्लब अफ नेपालगन्ज सेन्ट्रलका अध्यक्ष ला. विष्णुबहादुर रिमालको अध्यक्षतामा सम्पन्न लायन्स क्लब अफ नेपालगन्ज सेन्ट्रलको पहिलो कार्य विभाजन कार्यक्रममा लियो क्लब अफ नेपालगन्ज सेन्ट्ल गठन गरिएको हो। नेपालगन्ज उपमहानगरपालिका वडा नं.१२ बेलासपुरस्थित एस.आ.एस. युवालय नेपालगन्जका युवाहरुले साउन १ लियो क्लब अफ नेपालगन्ज सेन्ट्रलको गठन गरेका छन्। सो लियो क्लब लायन्स क्लब अफ नेपालगन्ज सेन्ट्रलका पूर्व अध्यक्ष तथा वर्ष २०२१ तथा २२ एरिया नं. ६ का रिजन चियर पर्सन तुलाराम विश्वासको संयोजकत्वमा खुलेको ज्ञानेन्द्र श्रेष्ठ तथा अध्यक्ष ला.बिष्णुप्रसाद रिमाल लगायत ला.सेन्ट्रलको सदस्यहरुको सल्लाहकार रहने गरी गठन गरिएको जानकारी गराउँदै रिजन चियर पर्सन तुलाराम विश्वासले यस लियो क्लबको गतिविधिमा ध्यान दिएर समाजमा उल्लेखनीय कार्य गर्नुपर्नेमा जोड दिए। अनिता शाहीको अध्यक्षतमा सर्वसम्मत रुपमा लियो गठन भएको छ। सो क्लबको प्रथम उपाध्यक्षमा इन्द्र बुढा, द्वितीय उपाध्यक्षमा स्मृति चौलागाईं, तृतीय उपाध्यक्षमा दुर्गा धामी, सचिवमा दिपा सापकोटा, कोषाध्यक्षमा गणेश सिंह सुनार चयन भएका छन्।

यसरी नवगठित क्लब विशेष गरी एसओएस युवालय नेपालगन्जमा रहेका भाई बहिनीहरुको संलग्नता रहेको छ भने अन्य इच्छुक सदस्यहरुलाई पनि क्लबमा प्रवेश गर्न खुल्ला गरिएको जानकारी नव नियुक्त अध्यक्ष अनिता शाहीले जानकारी दिइन्। उनका अनुसार क्लबले विशेष गरी शिक्षा तथा वातावरणको क्षेत्रमा काम गर्ने लक्ष्य लिएर अगाडी बढेको छ।

सो क्लबको निर्देशकहरुमा गणेशसिंह सुनार, विकास शाही र लोकबहादुर थापा रहेका छन्। जनसम्पर्क अधिकारीमा नारायणी कोइराला, लायन टेमर सपना सिजापति तथा टेल ट्वीस्टर प्रतिभा रोकाय चयन भएका छन् भने सदस्यहरुमा अञ्जली राजी, अश्लेषा विश्वास, कृष्ण सिंह, टेकेन्द्र बोहरा लगायत रहेका छन्।

कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लबका डिष्ट्रिक्ट एक्जुकेटिभ चिफ ज्ञानेन्द्रकुमार श्रेष्ठले लायन्स तथा लियो क्लबको महत्व तथा उद्देश्यहरु माथि प्रकाश पारेका थिए। क्लब अन्तर्गत लियो तथा लायन्स सदस्यहरु विशेष रुपमा आफुभन्दा कम भाग्यमानी व्यक्तिहरुलाई सहयोग गर्ने अर्थात् सेवा दिने र सामाजिक कार्यमा अग्रसरता देखाउने, फेलोसिप बढाउने कुराको जानकारी गराएका थिए।

लायन्स क्लब विश्वमा सबैभन्दा ठूलो सामाजिक संस्था भएको तथा भेद्भाव रहित मानव सहयोगको लागि कार्य गर्ने संस्थाको रुपमा समाजमा स्थापित भएको उनले बताए।नवगठित लियो क्लब लायन्स क्लब अफ नेपालगन्ज सेन्ट्रलको मातहातमा रही कार्य गर्ने सो क्लबको गतिविधिमा सहयोगीको भूमिका खेली आफ्नो कुनै विशेष कार्य गरी पहिचान बढाउन सक्ने उनले बताए।

सो कार्यक्रमका अध्यक्ष ला.विष्णु रिमालले यस क्लब हाम्रो शाख जोगाउने तथा भरोसाको केन्द्र हुने बताएका थिए। साथै उनले यस क्लबका सम्पूर्ण लियो भाई बहिनीहरुले सामाजिक कार्यमा अग्रसर भई कार्य गर्न आशा गरेका छन्।

सो कार्यक्रममा लायन्स क्लब नेपालगन्ज सेन्ट्रलका कोषाध्यक्ष एलिजा पौडेल, ला. सिमा विश्वास, लियो दुर्गा धामी, नारायणी कोईराला, लोक खड्का, गणेशसिंह सुनार, कृष्ण सिंह, प्रतिभा रोकाय लगायतको सहभागिता रहेको थियो।

# नेपालगन्जमा रक्तदान कार्यक्रम सम्पन्न, ६७ जनाले गरे रक्तदान

नेपालगन्ज जुता चप्पल व्यवसायी संघको आयोजना तथा नबिल बैंक लिमिटेड नेपालगन्जको सहकार्यमा गरिएको रक्तदान कार्यक्रममा महिला पुरुष गरी ६७ जनाले उत्साहपूर्वक रक्तदान गरेका छन्।

नेपालगन्ज जुता चप्पल व्यवसायी संघका उपाध्यक्ष माधव प्रसाद पोखेलका अनुसार नेपालगन्जको सुर्खेतरोड स्वास्तिक कटेज नेपालगन्जमा साउन २ गते रक्तदान कार्यक्रम नेपालगन्ज जुता चप्पल व्यवसायी संघका अध्यक्ष कमल प्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न भएको हो।

रक्तदान कार्यक्रमका नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रमुख अतिथि अव्दुल वाहिद मन्सुरी, अतिथि लगायतले रगत संकल गर्ने पाकेट प्रादेशिक रक्त संचार सेवा केन्द्र नेपालगन्जका प्राविधिकलाई हस्तान्तरण गरी रक्तदान कार्यक्रमको उद्घाटन गरेका थिए।

नेपालगन्ज जुता चप्पल व्यवसायी संघका महासचिव कुलराज सज्जनद्वारा सञ्चालित कार्यक्रममा, अतिथिहरुमा नेपालगन्ज उद्योग वाणिज्य संघका महासचिव चिरञ्जिवी ओली, नविल बैंक नेपालगन्ज शाखाका प्रबन्धक ओमकार काफले, सहायक प्रबन्धक कृष्ण पुरासाई, खुद्रा व्यवसायी संघका अध्यक्ष शिव दाहाल, रेडिमेड व्यवसायी संघका सचिव सन्तोष पौडेल, संघका कार्यसमितिका



पदाधिकारी, अन्य व्यवसायीहरुको पनि रक्तदान कार्यक्रम उपस्थिति रहेको थियो।

यसरी रक्तदान कार्यक्रममा नेपालगन्ज जुता चप्पल व्यवसायी संघका अध्यक्ष कमल प्रसाद पौडेल, दिपेश श्रेष्ठ, राम प्रसाद ढकाल, डम्बर बहादुर धामी, सुमन अग्रवाल, कृष्ण पुडासैनी, नेत्र प्रसाद भट्टराई, बिष्णु प्रसाद श्रेष्ठ, राज कुमार श्रेष्ठ, सुमन रेग्मी, तिलक पौडेल, मनराज जोशी, राज कुमार शाही, ननदराम जैसी, रज्जक अली, कविराम जैसी, रघुनाथ श्रेष्ठ, मच्छिन्द्र पौडेल, रबिन्द्र श्यानटन, रेजिना डोग, राम प्रसाद रिजाल, बिद्याकुमारी डाँगी, हजरत खान, इश्वर आचार्य, सन्दिप बर्नवाल, बिनोद खनाल, रबिन खत्री, बासु पौडेल, निरज पौडेल, अभिनाष बिश्वकर्मा, रबिन पौडेल, बाजुराम थारु, रमित बहादुर बुढा, देभेन्द्र धामी, रमन्त राना, सुमन बहादुर कठायत, अजय गुप्ता, धमेन्द्र बोहरा, सुशील आचार्य, किरन आचार्य, प्रशान्त पौडेल, अकबाल हुसेन मियाँ, सन्तोष कडेल, बिशाल परियार, कुलराज सनज्याल, झपत बहादुर धामी, दिनेश छत्याल, दामोदर शर्मा, इरफान अली, रफीक अहमद, सुनिल जैसी, प्रमोद शर्मा, शिवराम थापा, सन्दिप लामिछाने, सन्तोष गुरुङ्ग, सञ्जिव बनिया, प्रतिक पौडेल, अनुज चौधरी, सीता रानाभाट, दिपक रानाभाट, राम औतार शर्मा, सबिन पौडेल, नेत्र बहादुर बन्जारा, निशा शाही र कृष्णबहादुर केसी लगायत महिला पुरुष ६७ जनाले रक्तदान गरेका छन्।

सो कार्यक्रममा हौसलाका साथ रक्तदान गर्न विभिन्न स्थानबाट आएका थिए। तर विभिन्न कारणले गर्दा रक्तदान गर्न बञ्चित भएपछि रक्तदाताहरु निराश भएका थिए। नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित भेरी अस्पताल नेपालगन्जको प्राङ्गणमा रहेको प्रादेशिक रक्त संचार सेवा केन्द्र नेपालगन्जका प्रमुख उपेन्द्र रेग्मी, सुनिल थापामगर, एलिजा चौधरी, हिमाँशु मौर्या, बीरेन्द्र योगी, केशर सिंह डाँगीले प्राविधिकमा सहयोग गरेका थिए। प्रादेशिक रक्त संचार सेवा केन्द्र नेपालगन्जका प्रमुख उपेन्द्र रेग्मीका अनुसार अहिलेको अवस्थामा प्रत्येक दिन बिरामीलाई २० देखि ३० पाकेटसम्म रगतको माग भइरहेको छ। उनले बाँके जिल्लाका विभिन्न संघसंस्थाहरुसँग रक्तदान गर्न अनुरोध गरिएको बताए।

## दैलेख डायरी
यामराज विष्ट/मध्यान्ह

### तीन लाखको अक्षय कोष स्थापना

धर्मजंग थाया र उनका छोरीको सहयोगमा त्रिभुवन माध्यमिक विद्यालयमा ३ लाखको अक्षय कोष स्थापना गरेका छन्। उनका भाई र छोरीको सहयोगमा २०२५ साल देखि २०३३ साल सम्म त्रिभुवन माध्यमिक विद्यालय नयाँबजार दैलेखमा शिक्षण गर्दै आएका स्वर्णिय जगतजंग थापाको नाममा अक्षणकोष स्थापना गरेका हुन्।

अक्षयकोष बापतको रकमको चेक स्वर्गीय जगतजंग थापाका भाई धर्मजंग थापाले शनिबार एक कार्याक्रमबीच विद्यालयका प्रधानाध्यापक निरक बहादुर तारामीलाई हस्तान्तरण गरेका छन्। अक्षय कोषबाट हुन आउने व्याजले हरेक शिक्षा क्षेत्रमा लगानी वृद्धिगरी गरीबीको रेखामुनी रहेका परिवारका बालबालिकालाई शिक्षा क्षेत्र ठुलो सहयोग हुने धर्मजंग थापाले बताए।

धर्मजंग थाया र उनका छोरीको सहयोगबाट नेपाली कांग्रेस दैलेख जिल्लाका पूर्व पार्टी सभापति समेत रहेका समाजसेवी स्वर्णिय जगतजंग थापाको नामबाट स्थापना गरेको अक्षय कोषले गरिब तथा जेहन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रधान गरिने विद्यालयका प्रधानाध्यापक निरकबहादुर तारामीले बताए।

### आयआर्जनका लागि बाख्रा वितरण

नारायण नगरपालिका दैलेखले अतिविपन्न वर्गका किसानलाई आर्याआर्जन वृद्धि गर्ने उदेश्यले बाख्रा वितरण गरेको छ। स्थानीय पुर्वाधार विकाश कार्यक्रम अन्तर्गत १५ लाख बराबरको खर्चमा नारायण नगरपालिका वडा नं. २ का ५० घरधुरिलाई खरी जातको बाख्रा एक घरमा २ बाख्राका दरले सय ओटा बाख्रा र दुई घरमा ३ बोका अनुदानमा वितरण गरिएको हो। विपन्न वर्गका किसानको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले खरी जातका बाख्रा वितरण गरिएको नारायण नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत रेशम बुढाले जानकारी दिए। बाख्रा व्यवसायका लागी दाना, औषधि वितरण गरिएको प्रमुख प्रशासकिय अधिकृत बुढाले मध्यान्हलाई जानकारी गराए।

अनुदानमा दिइएको बाख्राबाट किसानको जीवनस्तरमाथि उठाउन टेवा पुग्ने विश्वास व्यक्त गर्दै बाख्रापालन सजिलो पेशा भएको र राम्रो आयआर्जन गरी उदाहरणीय बन्न किसानलाई नारायनगरपालिका २ का वडा अध्यक्ष रेशम थापाले आग्रह गरे। विपन्न वर्गलाई बाख्रा हस्तान्तरण गर्दै नारायण नगरपालिका वडा नं. २ का वडा अध्यक्ष थापाले अनुदानमा पाएको बाख्राको स्याहार सुसार गरी यसबाट वर्षेनी राम्रो आम्दानी गर्नुहुनेछ भन्ने विश्वास लिएको बताए।

स्थानीय पुर्वाधार विकाश कार्यक्रम अन्तर्गत १५ लाख बराबरको बाख्रा किसानलाई व्यावसायिक पशुपालन तथा कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ बाख्रा वितरण गरिएको प्रतिनिधिसभा सदस्य रवीन्द्रराज शर्माले बताए। वितरण गरिएका बाख्रा बोकाहरुको बीमा समेत गरिएको छ।

# युवा व्यवसायी मैनालीको अध्यक्षता उद्योग वाणिज्य संघ हल्दिवारी गठन



**विष्णुकुमारी घिमिरे/मध्यान्ह**
झापा, २ साउन

हल्दिवारी गाउँपालिका भित्र उद्योग व्यवसाय गरि बस्ने व्यवसायीहरुको हक हितमा काम गर्ने छाता संगठन उद्योग बाणिज्य संघ गठन भएको छ।

शनिबार बसेको उद्योगी तथा व्यवसायीहरुको भेलाले युवा व्यवसायी सुमन मैनालीको अध्यक्षतामा ९ सदस्यीय तदर्थ समिति गठन गरेको हो। समितिमा सदस्यहरुमा कृष्ण प्रसाद प्रसाईं, महेसलाल मेचेसत्येन्द्र कुमार कर्ण, कुमार कार्की, निरज दाहाल, सुनिल बारकोटी, खड्ग लावती र नेत्र बिक्रम बिमली रहेका छन्।

हल्दिवारी गाउँपालिका भित्र २० भन्दा बढी ठुला उद्योग संचालित छन भने करिव ७ सयको हाराहारीमा यहाँ व्यवसाय गरेर बस्ने व्यवसायीहरु रहेको पाइन्छ।

**ओली-नेपाल...**

मानेनन्। बरु दिउँसो आफू निकट सांसदहरुको उपस्थितिमा संसदीय दलको बैठक समेत राखे। फेरि पनि ओलीले बैठक रोकेका छैनन्। सर्वोच्च अदालतको परमादेशबाट पदच्यूत भएका अध्यक्ष ओलीले पहिलो पटक केन्द्रीय कमिटी बैठक समेत बोलाएका छन्।

केन्द्रीय कमिटी बैठक अगाडि स्थायी कमिटी बैठक फेरि पनि बस्ने भएको छ। आइतबार बिहान एघार बजे ललितपुरस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा स्थायी कमिटी बैठक बोलाइएको केन्द्रीय कार्यालय सचिव शेरबहादुर तामाङले बताए।

उनका अनुसार केन्द्रीय कमिटी बैठकको एजेण्डा तय गर्न स्थायी कमिटी बैठक बस्ने भएको हो। भोलिपल्ट ४ साउनमा १४औं केन्द्रीय कमिटी बैठक बस्नेछ। तर सहमति नजुटेपछि ओलीले बोलाएको केन्द्रीय कमिटी बैठकमा अनुपस्थित रहने नेता नेपाल पक्षका नेताहरुले अडान लिएका छन्। यो पक्षको माग एमाले पार्टी संरचना २ जेठ २०७५ अगाडिको अवस्थामा फर्काएपछि मात्रै पार्टी एकता जोगिनेछ।

त्यसका लागि दश बुँदे सहमति इमान्दारिताका साथ पालना गर्नुपर्ने यो पक्षको माग छ। तर दश बुँदे सहमतिअनुसार नै स्थायी कमिटी र केन्द्रीय कमिटी बैठक बोलाइएको ओली पक्षका नेताहरुले तर्क गर्दै आएका छन्। गएको ५ पुसमै व्यवहारिक र राजनीतिक रुपमा विभाजित भएको नेकपा एमाले वैधानिक रुपमा विभाजित हुन मात्रै बाँकी छ। तर दोस्रो तहका नेताहरुको निरन्तरतको प्रयत्न पछि दश बुँदे सहमति जुटेको छ।

**दोस्रो...**

पार्टीलाई एकताबद्ध बनाउने निष्कर्ष निकालिएको जानकारी दिए।

कार्यदलले सहमति पार्टी अध्यक्ष ओली र वरिष्ठ नेता नेपाललाई बुझाइसकेको छ। पार्टीभित्र देखिएका विवाद समाधान गर्नका लागि गठित कार्यदलले गत असार २७ गते १० बुँदे सहमति गर्दै पार्टीलाई एकताबद्ध बनाउने निर्णय गरेको थियो।

पार्टी सचिव गोकर्णराज विष्टले नयाँ सहमतिका आधारमा पार्टी एकता बचाउनका लागि छलफल गरिएको बताए। "एमालेलाई एकताबद्ध गर्न आमपार्टीपङ्क्ति चिन्तित छ" बिष्टले भने, "पार्टीप्रति कार्यकर्तामा देखा परेको अन्योल र चिन्ता दूर गर्नका लागि पार्टीलाई फेरि पनि एकताबद्ध बनाउन सन्देशका लागि भेटघाट गरेको हौं।"

छलफलमा पार्टी उपाध्यक्ष डा भीमबहादुर रावल, उपमहासचिवद्वय विष्णुप्रसाद पौडेल र घनश्याम भुसाल, सचिव प्रदीपकुमार ज्ञवाली, भीमप्रसाद आचार्य र पृथ्वीसुब्बा गुरुङलगायत सहभागी थिए।

**बिस्तारै...**

हुने क्षेत्रमा बढी निगरानी गर्नुपर्ने जनस्वास्थ्यविद् डा रविन्द्र पाण्डेको भनाइ छ। विगतमा मुलुकका खोटाङ र मनाङबाहेक ७५ जिल्लाका स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेर कोभिड न्यूनीकरण तथा नियन्त्रणमा सक्रिय भएको थियो।

गृहमन्त्रालयबाट प्राप्त विवरणअनुसार शनिबारसम्म घटेर कूल ५८ जिल्लामा मात्रै निषेधाज्ञाको आदेश कायम छ। बाँकी १७ जिल्लाले निषेधाज्ञा हटाइसकेका छन्। क्रमशः निषेधाज्ञा हटाउने क्रम जारी छ। यद्यपि पछिल्लो समयमा भने सङ्क्रमणदर मन्द गतिमा बढेकाले जोखिम कायमै रहेको स्वास्थ्यविज्ञहरुको भनाइ छ। निषेधाज्ञा लागू भएका जिल्लाले समेत अति भिडभाड हुने गतिविधिबाहेकका क्रियाकलाप खुला गर्दै लगेका छन्। गृहमन्त्रालयका प्रवक्ता जनकराज दाहालले कोभिड नियन्त्रणमा आएर निषेधाज्ञा खुकुलो बनाएको नभइ, जनजीवन सामान्य बनाउनका लागि सावधानी अपनाएर खुकुलो बनाएकाले सावधानी जरुरी रहेको बताए।

**खोप...**

अधिकार आयोगले पनि यसमा आफ्नो ध्यानाकर्षण भएको बताएको छ। शुक्रवार विज्ञप्ति जारी गर्दै आयोगले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकका लागि गन्तव्य देशमा जानु अगाडि स्वदेशमै एक पटकमात्र लगाए हुने खोपको व्यवस्था गर्न सरकारसँग आग्रह गरेको थियो।

आयोगले गन्तव्य मुलुकमा नेपाली श्रमिकलाई पर्नसक्ने कठिनाइको न्यूनीकरणका लागि आवश्यक सहजीकरण गरी नेपाली श्रमिकको मानव अधिकारको संरक्षण गर्नुपर्ने भन्दै गम्भीररुपमा सरकारको ध्यानाकर्षण गरेको छ।

कोरोना भाइरस संक्रमणका कारण विदेशबाट डिमाण्ड नआउँदा र खोपको अभावमा नेपालबाट वैदेशिक रोजगारीमा जाने निरन्तर घटेका छन्। चालु आर्थिक वर्षको नौ महिनाको अवधिमा करिब एक लाख नेपाली मात्र वैदेशिक रोजगारीमा गएका छन्। गन्तव्य मुलुकबाट आउने डिमाण्ड बढेको भन्दै तत्कालका लागि बढीमा तीन लाख खोप भए वैदेशिक रोजगारीमा जाने कामदारका लागि पर्याप्त हुने वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ।

वैदेशिक रोजगारीमा नेपाली श्रम गन्तव्यमध्ये यूएईले आफ्नो मुलुकले मान्यता दिएको अक्सफोर्ड एस्ट्राजेनेका सिनोफार्म, फाइजर, स्पुतनिक भी, बायोएनटेक गरी चार वटा खोपलाई मान्यता दिएको छ। ती मध्ये एक खोपको दुवै डोज लगाएका रेसिडेन्स भिसा भएकालाई प्रवेश अनुमति दिने जनाएको छ।

कुवेतमा फाइजर अक्सपोर्डको खोपले मान्यता पाएका छन्। कुवेतमा खोपको पहिलो मात्रा लगाएका कामदारले दोस्रो मात्रा १० सातापछि र अक्सफोर्ड खोपको पहिलो मात्रा लगाएका कामदारले दोस्रो मात्रा लगाउनका लागि १६ हप्ता करिब चार महिना पर्खनुपर्ने नियम छ। कुवेतले कारोना भाइरसविरुद्ध खोपको दुवै खोप लगाएको भएमा मात्र विदेशीलाई आफ्नो देशमा प्रवेश अनुमति दिने बताएको छ। खोपको पहिलो डोज लिएका कामदारले कुवेत प्रवेश गर्न नपाउने स्थानीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन्।

यसअघि कुवेतले खोप लगाएका भएपनि विदेशी यात्रु १४ दिने क्वारेन्टिनमा अनिवार्य बस्नु पर्ने नियम लगाएको थियो। तर स्वीकृत खोप लगाएका विदेशीले कुवेत प्रवेश गर्दा ७२ घण्टा पहिलेको पीसीआर परीक्षणको नेगेटिभ रिपोर्ट देखाउनुपर्ने अनिवार्य गरिएको छ।

खोप नलगाई साउदी अरब जाने कामदार लाखौं खर्च गरे होटल क्वरेन्टिनमा बस्नुपर्ने बाध्यता छ। साउदीले अक्सफोर्ड एस्ट्राजेनेका, मोडर्ना, बायोएनटेकको खोप स्वीकृत गरेको छ। उक्त मुलुक जाने सबैले खोप लगाए नलगाएको बारे जहाज टिकट लिनु अघि नै एकिन गर्नुपर्ने नियम छ। साउदीले स्वीकृत गरेका अन्य खोप भए दुई डोज र जोन्सन एण्ड जोन्सनको खोप भए एक डोज लगाएको अनलाइनमार्फत दर्ता गर्नुपर्ने अनिवार्य गरेको छ।

**सच्याइएको**

मध्यान्ह राष्ट्रिय दैनिकमा मिति २०७८ असार २९ गते मंगलबार प्रकाशित तालपोखरी सामुदायिक बन उपभोक्ता समूह, लेकबेशी-४ र मनकामना महिला उपभोक्ता समूह लेकवेशी-७ को सूचनामा प्रथम पटक प्रकाशित मिति २०७८ असार २९ गते हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०४/१४ मा दर्ता भएको **प्रा.लि. नं. १३७५९९** को **भोलेनाथ जनरल सप्लायर्स प्रा.लि.**को मिति २०७८/०४/०१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**

# भारतीय सीमावर्ती बजारमा लागूऔषधको कारोबार बढ्दो




**हिमेश बि.क/मध्यान्ह**
धनगढी, २ साउन

सुदूरपश्चिम प्रदेशमा नेपाल-भारत खुला सीमानाका कारण लागुऔषधको जालो फैलिएको निष्कर्ष प्रहरीको छ। ११ महिनामा प्रदेशका ८ जिल्लाबाट तीन सय ४३ जना प्रयोगकर्ता पक्राउ गरेको प्रहरीले मुख्य समस्या खुला सीमाना भएको निश्कर्ष निकालेको हो। कारोबार भारतमा र प्रयोग नेपालमा हुँदा नियन्त्रणमा पनि चुनौती देखिएको छ। भारतसँग सिमाना जोडिएका कञ्चनपुर र कैलालीबाट गत आर्थिक वर्ष २०७७/०७८ मा सबैभन्दा बढी लागूऔषधका प्रयोगकर्ता पक्राउ परेका छन्।

कञ्चनपुरमा एक सय ९६ जना पक्राउ परेका छन् भने कैलालीमा १ सय २७ जना पक्राउ परेका छन्। नौ जना भारतीय नागरिक पक्राउ गरेका छन्। नेपाली नागरिक लागूऔषधका प्रयोगकर्ता बढी छन भने भारतीय नागरिक कारोबारी हुन्। भारतीय सिमावर्ती बजारमा लागूऔषध पर्याप्त पाउने भएकाले कैलाली-कञ्चनपुरमा लागूऔषधको जालो भत्काउन नसकिएको तर्क प्रहरीको छ। तर सीमा नाकामा लागूऔषधको कारोबार रोक्न भने प्रहरीले भूमिका खेल्न सकेको छैन।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक उमाप्रसाद चतुर्वेदीले भारतीय पक्षबाट सहयोग नहुने गरेको बताए। उनले भने, 'कैलाली-कञ्चनपुरको सीमावर्ती बजारमा कारोबारीहरु सिफ्ट भएको देखिन्छ। विषेशगरि कञ्चनपुरको बेलडाडी, बेलौरी एरियामा। भारतीय बजारमा उनीहरु छन्। उनीहरुको लिंकेज इन्डियाको पाउने ठाउँहरु, पाकिस्तानसँग जोडिएका एरियाहरुमा छ।' भारतीय प्रयोगकर्ता कम र कारोबारी बढी भएकाले भारतीय सुरक्षा अधिकारीहरुले संरक्षण दिने गरेको आशंका गरिएको छ। भारतीय बजारमा सहज रुपमा लागूऔषध खरिद गर्न पाउने भएकाले सीमा नाकामा चेकजाँच बढाउन पर्ने तर्क धेरैको छ।

लागूऔषध नियन्त्रणका लागि दुई देशका सुरक्षा निकायबीच समन्वयन हुन सकेको छैन्। इलाका प्रहरी कार्यालय टीकापुरका प्रमुख, प्रहरी नायव उपरीक्षक प्रकाश सापकोटाले पनि भारतीय पक्षबाट सहयोग नभएको प्रतिक्रिया दिए। उनले भारतसँग सिमाना जोडिएका सबै जिल्लाको चुनौति लागूऔषध नै भएको बताए। उनले भने, 'समन्वय हुन्छ, हुनुपर्ने हो। गर्दैछौ हामीले। आउने पारिबाट हो। उनीहरुले खासै चाँसो दिदैनन्। हामीलाई समस्या हुन्छ।' लागूऔषधका कारण अन्य अपराध समेत हुने गरेको प्रहरी अधिकारीहरुले मध्यान्हलाई बताएका छन्।

लागूऔषधको प्रयोगका कारण आर्थिक संकट हुने र चोरी, पारिवारिक कलह, हत्या, बलात्कार जस्ता अपराध समेत हुने गरेका छन्। तर नेपाल प्रहरीसँग भारतबाट ल्याउन लागूऔषधको कारोबार रोक्ने ठोस योजना भने छैन्। स्थानीय तहहरु, जनप्रतितिधि तथा युवाहरुलेसमेत लागूऔषधको कारोबार नियन्त्रणमा सहयोग गर्नुपर्ने कञ्चनपुरका प्रहरी प्रमुख, प्रहरी उपरीक्षक चतुर्वेदीले बताए। 'कोरोनाका कारण समन्वय गर्न पाएका छैनौ। कोरोना कम भएपछि कार्यक्रम गर्छौ। जनप्रतिनिधिहरुबाट समेत सहयोग माग्छौ। प्रहरीले मात्र गर्न सक्ने हैन,' उनले भने। दुई देशका अधिकारीबीच हुने बैठकमा पनि लागूऔषध नियन्त्रणको मुद्दा उठ्ने गरेको कैलालीका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले मध्यान्हलाई बताए। तर बैठकपछि समन्वय भने हुन सकेको छैन।

## कन्चनपुर डायरी

गोमती पाल/मध्यान्ह

### सुदूरपश्चिममा मन्त्री खड्का कोरोना नियन्त्रणमा सरोकारवालासहित बैठकमा



सुदूरपश्चिम प्रदेश सरकारका सामाजिक विकास मन्त्री लालबहादुर खड्काले कोरोना भाइरस (कोभिड १९) संक्रमणको तेस्रो लहरको उपचार तथा नियन्त्रणका लागि विशेष तयारी थालेका छन्।

उनले नयाँ आर्थिक वर्षको सुरुवातमै कोभिड १९ को तेस्रो लहर नियन्त्रणको तयारीका लागि सम्बन्धित सरोकारवालाहरुसंग बैठक गरी सुझाव लिएका छन्।मन्त्री खड्काले कोरोना रोग नियन्त्रणका लागि एकीकृत प्रयास सार्थक र प्रभावकारी हुने भएकाले महामारी नियन्त्रणमा सरोकारवालाहरुसित बैठक गरिएको बताए।

कोरोना भाइरसको नियन्त्रण तथा उपचारका लागि अल्पकालीन तथा दीर्घकालीन कार्ययोजना बनाइरहेको मन्त्री खड्काले जानकारी दिएका छन्। 'योजना निर्माणमा अघि बढेका छौं', मन्त्री खड्काले भने, 'बैठकबाट प्रस्तुत गरिएका सुझाव सहित समेटिने छन्।'

सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयको आयोजनामा भएको बैठकमा मन्त्री खड्कासहित राज्यमन्त्री मनाकुमारी साउद, धनगढी उप-महानगरपालिकाका मेयर नृपबहादुर ओड, गोदावारी नगरपालिकाका मेयर हरि साउद, भीमदत्त नगरपालिकाका मेयर सुरेन्द्र बिष्ट र पुनर्वास नगरपालिकाका मेयर जीवन राज थापा लगायतको सहभागीता रहेको थियो।

कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयका सचिवसहित कैलालीका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल र कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी रामप्रसाद पाण्डे पनि सहभागी भएका थिए।

यसैगरी सुरक्षा अधिकारीहरु पनि बैठकमा सहभागी भएका थिए। बैठकमा उपस्थित पदाधिकारीहरुले कोरोना भाइरस संक्रमणको पहिलो र दास्रो लहरमा सुदूरपश्चिम प्रदेशमा गरिएको तयारी, सम्पादन गरिएका क्रियाकलाप, सामना गर्नु परेका समस्या र चुनौती तथा समाधानका लागि गरिएका प्रयासको समीक्षा गरिएको थियो। विश्व स्वास्थ्य संगठन लगायत जनस्वास्थ्य विज्ञहरुले तेस्रो लहर आउने र उक्त लाहरमा बालबालिका बढी प्रभावित हुने भनि आँकलन गरेकाले मन्त्रालय तयारीमा जुटेका छन्।

### कञ्चनपुरको बेदकोटमा बाबाको हत्या



कञ्चनपुरको बेदकोट नगरपालिका -४ स्थित शिव लिङ्गेश्वरमा रहेका एक बाबाको हत्या भएको छ। लुटेरा समूहले ती बाबाको हत्या गरेका छन्। शिवलिङ्गेश्वरका बाबा किसन नाथको शुक्रबार राति हत्या भएको हो।

७५ वर्षीय बाबाको हत्यापछि प्रहरी अनुसन्धानमा जुटेको छ। प्रहरीले हत्या भए नभएको सम्बन्धि औपचारिक जानकारी भने दिएको छैन। प्रहरीले उनको मृत्युलाई शंकास्पद भनेको छ। स्थानीयले लुटेरा समूहले बाबाको हत्या गरेको दाबी गरेका छन्। अहिले प्रहरी टोली लिङ्गा क्षेत्रमा परिचालन गरिएको छ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक शिद्धराज न्यौपानेले हत्या वा अन्य कारण के हो भन्ने सम्बन्धि अनुसन्धान थालिएको मध्यान्ह बताए। 'हत्या हो वा होइन स्पष्ट भएको छैन', उनले भने, 'त्यसको अनुसन्धान गरि रहेका छौं।'

# पाल्पामा पहिरोमा परी ट्याक्टर र जेसीबी पुरिँदा एकको मृत्यु



**विकाश काफ्ले/मध्यान्ह**
पाल्पा,२ साउन

पाल्पाको तिनाउ-६, डुम्रेमा पहिरोले ट्याक्टर र जे.सी.बी. पुरिँदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।मृत्यु हुनेमा बर्दिया बासगढी नगरपालिका-४ स्थायी घर भई हाल डुम्रे बस्दै आएका २७ वर्षीय महेन्द्र पुन रहेको प्रहरीले जानकारी दिएको छ। पहिरोमा परी घाइते भएका पुनको उपचारको क्रममा शनिबार बिहान मृत्यु भएको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो।

शुक्रबार डुम्रेको भित्री सडक खण्डमा ढुंगा लोड गरेको लु ४ त ६६२९ नम्बरको हिलोमा फसेको ट्याक्टर निकाल्ने क्रममा लु १ क २४९६ र लु १ क २४९७ नम्बरको जे.सी.बी.लाई माथिबाट आएको पहिरोले पुरेको थियो।

उक्त पहिरोमा परेर जे.सी.बी. चालक रैनादेवी छहरा गाउँपालिका-१ का २० वर्षीय सरोज बुढा घाइते भएका छन्। घाइते बुढाको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भईरहेको छ। घटनाको विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायब उपरीक्षक रामेश्वर त्वातीले मध्यान्हलाई जानकारी दिए।

स्थानीय तहको पुनर्संरचना हुनुअघि जिल्ला विकास समितिले वर्षातका समयमा सडक बिगार्ने भन्दै ट्याक्टर र ट्रिपरजस्ता सवारसाधन संचालनमा रोक लगाउदैं आएको थियो। तर पछिल्लो समय स्थानीय तहहरूले वर्षातको समयमा पनि ट्याक्टर र ट्रिपर संचालनमा रोक लगाउन सकेका छैन।

# नुवाकोटको ककनी गाउँपालिकामा प्रशासनिक भवन शिलान्यास




**दिवस ढकाल/मध्यान्ह**
नुवाकोट, २ साउन

नुवाकोटको ककनी गाँउपालिकाले प्रशासनिक भवनको शिलान्यास गरेको छ।गाउँपालिकाको कुल ९ करोड ५ लाख लागत रहेको सो भवनको प्रतिनिधिसभा सदस्य हितबहादुर तामाङले शिलान्यास गरेका हुन्। भवन शिलान्यास गर्दै नेता तामाङले स्थानिय तहलाई थप विकसित गर्ने क्रममा गाउँपालिका एक कदम अगाडि बढेको बताए।

गाउँपालिकाको वडा नम्बर ४ स्थित रानिपौवा स्वास्थ्य कार्यालय नजिकै बन्ने प्रशासनिक भवनको शिलान्यास समारोहमा गाउँपालिका अध्यक्ष मानबहादुर लामा, उपाध्यक्ष सीता खतिवडा, ४ नम्बर वडाका अध्यक्ष दिपेश तामाङ लगायतका स्थानीय जनप्रतिनिधि,राजनीतिकर्मीहरुको सहभागिता रहेको थियो।

भवन निर्माणको लागि गाउँपालिकाले गाँउसभाबाट बजेट सुनिश्चित गर्दै निर्माण कार्य अगाडि बढाइएको ककनी गाँउपालिकाका प्रमुख प्रशासकिय अधिकृत महेन्द्र नेपालले जानकारी दिए।

# भारतीय नम्बर प्लेटका सवारीसाधन नियन्त्रणमा

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २ साउन

रौतहटमा भन्सार छलेर निर्वाध रुपमा चल्दै आइरहेका भारतीय नम्बर प्लेटका सवारी साधनहरु जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले नियन्त्रणमा लिन लागेको छ।



शुक्रबार चन्द्रपुर आसपासबाट २५ वटा भारतिय नम्बर प्लेटका मोटरसाइकल नियन्त्रणमा लिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जनाएको छ।

कार्यालयका अनुसार यसरी भन्सार छलेर निर्वाध रुपमा चलिरहेका भारतीय नम्बर प्लेटका सवारीसाधनहरुलाई नियन्त्रण लिइ भन्सार बुझाउने तयारी गरिरहेको हो। जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी निरीक्षक ज्ञानबहादुर माझिका अनुसार सुरुमा केही दिन भारतीय नम्बर प्लेटका सवारी साधनहरु नचालउन स्थानीय रेडियोहरुबाट सूचना प्रसारण गरेर माइकिङ्ग गरेको सर्वसाधरणलाई जानकारी दिएको थियो। साउन १ गतेदेखि चेकिङ्ग गरेर नियन्त्रणमा लिन शुरु गरेको प्रमुख प्रहरी निरीक्षक माझिले मध्यान्हलाई बताए। नियम विपरित चलेका भारतिय नम्बर प्लेटका सवारी साधनहरुलाई जिल्लाभरनै अभियानकै रुपमा कार्यक्रम सञ्चालन गरेर नियन्त्रणमा लिइने, प्रमुख प्रहरी निरीक्षक माझीले बताए।

नेपालको कानुन अनुसार भन्सारमा तोकिएको राजस्व तिरेर कुनैपनि भारतीय नम्बर प्लेटका सवारी साधनहरु वर्षमा बढिमा ३० दिन चलाउन पाइने भएपनि रौतहटमा भने निर्वाध रुपमा त्यस्ता सवारीसाधनहरु चल्ने गरेका छन्।

यसरी चलेका सवारी साधनहरुबाट दुर्घटना भएमा पनि त्यस्ता सवारीसाधनहरु र सवारी धनीहरुलाई पक्राउ गर्ने कुनै आधार नभएको प्रहरीको भनाइ रहेको छ। पहिलो दिन नियन्त्रणमा लिएका सवारी साधनहरुलाई छोडिदिन नेता तथा जनप्रतिनिधीहरुको सिफारिस आउन शुरु गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

# गाई काटेको अभियोगमा दुईजना पक्राउ



**संखुवासभा/मस-** संखुवासभाको खाँदबारी नगरपालिका-८ मा गाई काटेको अभियोगमा दुईजना पक्राउ परेका छन्। प्रहरीले भारतको सिलिगुडी घर भई हाल खाँदबारी-८ बस्ने २७ वर्षीय अम्बर तामाङ र सोही ठाउँका १८ वर्षीय डम्बर विकलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक शुभेष अधिकारीले जानकारी दिए।

उनीहरुलाई शुक्रबार दिउँसो खाँदबारी-८ भोटबारीबाट पक्राउ गरिएको प्रहरी निरीक्षक अधिकारीले बताए। गाई काटेको भन्ने खबर पाउनसाथ खटिएको प्रहरी टोलीले भोटबारीबाट पक्राउ गरेको उनले बताए।

प्रहरीले तामाङको घरबाट ३०० मिटर पूर्वमा रहेको खोला किनारबाट गाई काटिरेहको अवस्थामा पक्राउ गरेको प्रहरीले जनाएको छ।

अन्य दुईजना फरार रहेकाले खोजी गरिरहेको प्रहरी निरीक्षक अधिकारीले बताए। पक्राउ परेकामाथि गौवधसम्बन्धी मुद्दा चलाइएको प्रहरीले जनाएको छ। गौवधसम्बन्धी मुद्दामा तीन वर्षसम्म कैद हुन कानूनी व्यवस्था रहेको प्रहरीले जनाएको छ।

# युवाहरुसँग उत्कृष्ट १० उद्यमी

**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, २ साउन




मुसिकोट नगरपालिकामा छनौट भएका उत्कृष्ट १० उद्यमी र युवाहरुकाबीच अन्तरक्रिया सम्पन्न भएको छ। दायित्वले उद्यमशिल नेपालको परिकल्पनासहित मुसिकोट नगरपालिकासँगको साझेदारीमा उद्यमशिल मुसिकोट निर्माणको उद्देश्यले सञ्चालित नगरप्रमुख-दायित्व ग्रामीण उद्यम द्रुतिकरण कार्यक्रम अन्तर्गत छनौट गरिएका उत्कृष्ट १० उद्यमी र युवाहरुकाबीचमा अनुभव आदानप्रदान र उद्यम द्रुतिकरण प्रतियोगीताका लागि तयारी स्वरुप अन्तरक्रिया गरिएको हो।

दायित्वका प्रतिनिधि कमल थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा दायित्वका लुम्बिनी प्रदेश संयोजक सञ्जय पोखरेलले दायित्वले उद्यमशील समाज निर्माणका लागि गरेको परिकल्पना साकार बनाउन सबैको साथ र सहयोग आवश्यकता रहेको भन्दै युवाहरुको भुमिका महत्वपूर्ण हुने बताए। उनले उद्यमीहरुले चरणबद्ध उद्यम अभिमुखिकरण, वित्तिय व्यवस्थापन सीप, बिजनेस क्यानभस, उद्यम चुनौती कला प्रशिक्षण, नेतृत्व विकास तालिम र उद्यम सम्बन्धित प्राविधिक प्रशिक्षण पाएको बताए।

सोही अवसरमा उत्कृष्ट २० उद्यमी हुन सफल प्रतियोगीहरुले आफुले यस कार्यक्रम मार्फत सफल उद्यम र उद्यमी बन्नका लागि आवश्यक धेरै कुराहरु सिकेको भन्दै ती सीप र तालिमलाई नयाँ उद्यमी र व्यवसायिहरुलाई पनि सल्लाह दिने बताएका थिए।

दायित्वका प्रतिनिधि कमल थापाले उद्यमीहरुलाई अगाडी बढाउनका लागि यो कार्यक्रमले पुलको काम गर्ने भन्दै स्थानीय सरकार, वित्तीय संस्था र सरोकारवालाहरुलाई अभिभावकत्व ग्रहण गराई अनुदानलाई निरुत्साहित गर्ने र उद्यम र उद्यमीहरुलाई सफल बनाउने कार्यक्रमको लक्ष्य रहेको बताए। यो कार्यक्रम किसानहरुमा समर्पित रहेको भन्दै उनले उद्यमको विकास,नीति अनुसन्धान र सरोकारवालाहरुलाई अपनत्व ग्रहण गराई समाजलाई उद्यमसँग जोड्न कार्यक्रम सफल रहने विश्वास व्यक्त गरे।

मुसिकोट नगरपालिकाले सक्षम उद्यमी निर्माण गर्ने उद्देश्यले सञ्चालन गरेको प्रतियोगिता उत्कृष्ट १० पछि उत्कृष्ट ५ र विजेता घोषित हुनेछ। उत्कृष्ट ५ मा पर्ने उद्यमीहरुले नेतृत्व विकास तालिम र ५०/५० हजार बिज कोष पाउनेछन् भने बिजेता हुने उद्यमीलाई १ लाख रुपैयाँबाट पुरस्कृत गरिनेछ।

## सम्पादकीय

# अल्पमतको शासन !

कर्णाली र लुम्बिनी प्रदेश सरकारले अध्यादेशबाट चालु आर्थिक वर्ष २०७८/०७९ को बजेट ल्याएको छ । संघीय सरकारजस्तै यी दुई प्रदेशले पनि अध्यादेशको सजिलो, तर अलोकतान्त्रिक बाटो रोजेको छ । निवर्तमान प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरी अध्यादेशबाट चालु आर्थिक वर्षका लागि बजेट ल्याएका थिए । अहिले प्रतिनिधिसभा पुनर्स्थापना भएसँगै ओली पदमुक्त भएर नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भइसकेका छन् । तर लुम्बिनी र कर्णाली प्रदेशसभा भने कायमै रहेका बेला अध्योदशबाट बजेट ल्याएको छ । प्रदेशसभा छलेर अध्यादेशबाट बजेट ल्याउनुको कारण भने दुवै प्रदेशमा अल्पमतले शासन चलाउन खोज्नु हो ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेल गएको १९ वै शाखमै अल्पमतमा परेका थिए । तर उनले प्रदेश प्रमुखको साथमा अराजनीतिक तरिका अपनाए । तर विपक्षीको बहुमत कायमै रह्यो । अर्थात् बजेट पारित गराउनसक्ने अवस्था रहेन । यसपछि मुख्यमन्त्री पोखरेले प्रदेशसभामा बजेट पेश गरेर छलफल भइसकेपछि अध्यादेशको बाटो रोजे । ३१ असारमै बजेट निर्णयार्थ पेश हुने कार्यसूची थियो । त्यसैअनुसार सभामुखले प्रदेशसभामा निर्णयार्थ बजेट पेश गर्न लाग्दा नेकपा एमालेका सांसदहरूले बैठक बहिष्कार गरे । बजेट पारित गराउनुपर्ने पक्षकै सांसदहरूले संसद् छोडेर हिडेपछि बजेट अलपत्र परेको थियो । तर राति नै मुख्यमन्त्री पोखरेलले अधिवेशन अन्त्य गरिदिए र अध्यादेशबाट बजेट ल्याए । कर्णाली प्रदेशमा भने सभामुखले बजेटमाथिको छलफल र निर्णयार्थ पेश नगरेपछि अध्यादेशबाट बजेट आएको छ । नेकपा एमालेबाट चयन भएका सभामुखले प्रदेश सरकारले पेश गरेको बजेट बैठकमा पेश नै गरेन । यसपछि मुख्यमन्त्री महिन्द्रबहादुर शाहीले अध्यादेशबाट बजेट ल्याए ।

अर्थात् दुवै प्रदेशको साझा समस्या भनेको अल्पमतले शासन चलाउन खोज्नु हो । बजेट पारित गराउन नसक्ने सरकार संवैधानिक रूपले समेत अनुचित हो । यस्तो बेला लुम्बिनीका मुख्यमन्त्रीसँग दुई वटा विकल्प थियो– बहुमत जुटाउने वा राजीनामा दिने । तर दुवै विकल्प उनले रोजेनन् । बरू अल्पमतमा रहने र अध्यादेशबाट बजेट ल्याउने बदनाम बाटो उनले रोजे । कर्णालीमा भने बहुमत जुटाउछु भन्ने मुख्यमन्त्रीलाई सभामुखले साथ दिएनन् । मुख्यमन्त्रीले एमालेको कार्यकर्ताको भूमिका सभामुख देखिएको आरोप लगाएका छन् । तर यस्तो अराजनीतिक र असंवैधानिक बाटोले संविधानसँगै संघीयता समेत कमजोर बन्ने खतरा हुन्छ । अतः बहुमत नपुग्नेले जसरी पनि सत्ता भन्ने अराजनीतिक बाटो रोज्नु सर्वथा अनुचित हुनेछ ।

## सामाजिक सञ्जाल



खड्गप्रसाद एण्ड कम्पनीले कार्यपालिका र व्यवस्थापिका मात्र ध्वस्त पारेकोमा धित नमरेर अब न्यायपालिकामाथि पनि खड्ग चलाउने भूत चढेछ ! जो चोर उसको ठूलो स्वर भने झैं संविधानसभाले विशेष व्यवस्था गरेको धारा ७६(५)ले निर्दलीयता ल्याउने हौवा पिटिरहेछ ! त्यसो भए कमल थापाहरू खुशी हुनुपर्ने हैन र ?

- **बाबुराम भट्टराई**




प्रमादेश दिने नायक, जनादेशको अपमान गर्ने खलनायक । वैदेशिक ऋण लिएर जनताको थाप्लोमा ऋण थोपरेर वेमौसमी समयमा घोषणा गरेको चुनाव धन्न सर्वोच्चको निर्णयले खारेज गरिदियो । नत्र ३५/४०अर्व खर्च गर्नुपर्ने हुन्थ्यो । ल भन्नुस त प्रमादेश दिने नायक कि जनादेशको अपमान गर्ने नायक ? अबुझ भेडाहरू ।

- **राधाकृष्ण कटवाल**




सर्वोच्च अदातल पार्टीको चुनाव चिन्हमा विजयी भएकालाई ह्वीप नलाग्ने फैसला गर्छ । एमालेका सांसद आफ्नै प्रधानमन्त्री हटाउन अरूलाई मत दिन्छन् । काँग्रेसका कार्यकर्ता आफ्नै नेताको कठालो समाएर पछार्छन । माओवादीमा पार्टीनै अवैध भन्दै उजुरी पर्छ । 'नेपाली संसदीय प्रणालीको उच्चतम नमुना' ।

- **माधव नेपाल**



देउवाको बोलि, विद्यादेवि भण्डारीको सिउँदो, केपीको स्वास्थ, प्रचण्डको पुत्र बियोगमा मजाक गर्नेहरूको जिन्दगीमा उनिहरूलाई यस्ता घटनाहरू नआउन ! राजनीतिमा राजनीतिको विरोध गर्न सुहाउँछ, तर कसैको शारीरिक, नैतिक र भावानात्मक मजाक गरि विरोध गर्ने मानिस क्षमाका लायक नै होइनन । तिनिहरू कायर हुन ।

- **नितेश बस्नेत**



सरकारी निवास अर्थात् प्रधानमन्त्री निवास बालुवाटारमा दलको अन्तरिक बैठक बस्न नहुने खबरदारी आवाज उठेको छ । आगामी दिनमा प्रधानमन्त्री शेरबहादुर देउवाले दलको अन्तरिक बैठक दलको कार्यालयमा बस्दा राम्रो हुने देखिन्छ । बिरोधको लागि बिरोध मात्रै हुन भनी सोच्नु चाहिँ गलत हुने छन् ।

- **सेतेमान तामाङ(च्याङ्बा)**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# संसदवादभित्र कम्युनिष्ट

पार्टीको ह्वीप लाग्ने वा नलाग्ने अनि कारबाही गर्न वा नगर्ने विषयमा समेत अदालतको दोहोरो मापदण्ड अनि आदेश दलीय प्रणालीको अवसान गराएको छ । संसदीय व्यवस्थामा सत्ताको चाबी अन्यत्रै भएको प्रष्ट्याउँछ ।



● विष्णु पन्त

### संसदीय व्यवस्थाभित्र कम्युनिष्ट

ठूलो जोडबल र एकता वा मोर्चाबन्दी गरेर गत संसदीय चुनावमा कम्युनिष्टहरुको करिब-करिब दुई तिहाई बहुमत पनि आयो । सायद यो अवस्था खासगरी विदेशी शक्तिहरुका लागी चिन्ता र पीडाको बिषय बन्यो पनि । तर, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीचको एकता धेरै समय भने टिक्न सकेन । यो विषयमा गम्भीर समीक्षा र बहस गर्नु जरुरी छ । एकतावद्ध भएका एमाले र माओवादी केन्द्र अलग्गीए वा अलग्गाईए भन्ने विषयमा पनि एउटा राष्ट्रिय समीक्षाको खाँचो छ । आज फेरी एमालेभित्रको सम्भावित विभाजन स्वतः स्फुर्त वा योजनाबद्ध भनेर अर्को बहस गर्नुपर्ने अवस्थामा हामी आईपुगेका छौं । अर्को पनि प्रश्न छ एमालेको ओली सरकारको पतनका के पछाडी आन्तरीक खिचातानी होकी बाह्य कारण छ भनेर खोज्नुपर्ने अवस्था छ । सरकार संचालनमा पार्टी र सरकारबीचको सम्बन्ध र समन्वयको विषयमा कहिल्यै ठोस बहशसहरु भएनन् । पार्टी संचालनमा सधै हुने गरेको समस्या पनि छ, त्यो हो बहुमत र अल्पमतको सम्बन्ध अनि पार्टी अध्यक्ष वा प्रमुख र केन्द्रीय समितिको सम्बन्ध । मेरो विचारमा यी गम्भीर प्रश्नहरु हुन र यसको बृहत समीक्षा अनि शंष्लेषण हुन अनिवार्य छ ।

“यदि संसदीय व्यवस्था नभएको भए केपी ओली पाँच वर्ष ढुक्क सरकार चलाउन पाउँथे । संसदीय व्यवस्थाले कम्युनिष्ट मात्र हैन सबै दललाई कमजोर बनाउँछ । हुँदा-हुँदा जनमोर्चाका सांसदसमेत बिक्रि भए । संसदीय व्यवस्थामा कम्युनिष्टहरुको योभन्दा दुरावस्था के हुन सक्ला ?

### पार्टीको आन्तरिक व्यवस्थापन बारे

बेला-बेलामा पार्टीभित्र गम्भिर मतभेदहरु उत्पन्न हुने गर्दछन् । ती मतभेदहरुको समाधान पार्टीहरुले केन्द्रिय समिति, राष्ट्रिय भेला वा महाधिवेशनबाट गरिने गर्छन् । सामान्यतया बहुमत र अल्पमतको आधारमा विवादहरुको समाधान हुने अवस्था भएको त्यो सामान्य अवस्था मान्न सकिन्छ । तर कुनै बेला जटिल अवस्था आउँदो रहेछ जस्तै : पार्टी र सरकारको मूल नेतृत्वलाई नै विस्थापन गर्ने अवस्था । बहुमतको आधारमा केपी ओलीलाई पार्टी अध्यक्ष र प्रधानमन्त्री दुवै पदबाट बर्खास्त गर्ने निर्णय भयो र त्यसले तत्कालीन नेकपालाई विभाजन उन्मुख बनायो । विभाजन यसकारण बाध्यात्मक बन्यो कि बहुमतको निर्णय पार्टी अध्यक्ष तथा प्रधानमन्त्री ओलीले नमान्ने अनि उनलाई अर्को पक्षले नमान्ने अवस्था बन्यो । एउटै पार्टीभित्र अर्को पक्षलाई पूर्ण निषेध गर्ने राजनीतिक संस्कार कति ठिक र कति बेठिक भन्ने विषयमा बहसहरु केन्द्रित छैनन् । यो विषयमा विप्लव नेतृत्वको नेकपाले गरेको एउटा अभ्यास र शंष्लेषणलाई सबैले ध्यान दिनु जरुरी हुन्छ । दुई लाईन संघर्षलाई निषेधात्मक संघर्षमा लैजानु गलत राजनीतिक अभ्यास हुन्छ र त्यसलाई सहमति र एकता वारुपान्तरको दिशामा लैजानु पर्दछ । सबै पार्टीभित्र एउटा समस्या छ, नेतृत्वलाई कोही व्यक्ति मन नपर्नासाथ कारबाही गर्ने र पार्टीबाट निकाल्ने । एउटै पार्टीभित्र जब निषेध वा प्रतिशोधको राजनीतिक अभ्यास शुरु हुन्छ तब पार्टी दुर्घटनामा फस्छ । तर जब ऋषि कट्टेलको पार्टीको नामसम्बन्धी मुद्दामा एकातर्फ उनलाई न्याय दियो र अर्कोतर्फ एमाले र माओवादी केन्द्रलाई अलग्गाई दियो । अदालतको यो निर्णय पछि केपी ओलीलाई धेरै राहत भयो तर, माधव नेपाललाई छटपटी भयो र प्रचण्डलाई पनि बेचैन भयो । अदालतको यो निर्णय पछि पनि सहमति गर्न सकेको भए एक हुने सम्भावना त थियो तर, तत्कालीन निषेधात्मक राजनीतिले त्यो सम्भव हुने कुरै भएन ।

बहुमत र अल्पमतको सन्दर्भमा केपी ओलीको तर्क थियो- म महाधिवेशनबाट निर्वाचित अध्यक्ष हुँ, त्यसैले मलाई हटाउने विधि महाधिवेशन मात्र हो । मेरो विचारमा यो गम्भीर प्रश्न छ र यो प्रश्नमा सबैले एउटा स्पष्ट समीक्षा गर्नु राम्रो हुन्छ । वास्तवमा यो लडाईंको केन्द्र भागमा सत्ता वा सरकारको प्रश्न गाँसीएको थियो । यो व्यवस्थापन गर्न नसकेकै कारण एमाले र माओवादी केन्द्रको विभाजन भयो, ओली सरकारको बर्हिगमन भयो र एमाले पनि विभाजनको नजिक पुगेको छ । वास्तवमा अब केपी ओली र माधव नेपाल एक ठाउँमा बस्न सक्ने अवस्था छैन । अर्को पनि गम्भीर प्रश्न छ- केपी ओलीको सरकार एमालेको सरकार थियो वा थिएन ? अनि एउटै पार्टीमा बसीबसी आफ्नै पार्टीको सरकार ढाल्न मिल्छ वा मिल्दैन ? राजनीतिक नैतिकताका आधारमा हेर्ने हो भने यो निकै जटिल प्रश्न हो । एउटै पार्टीमा बसेर ओली सरकारमाथि दुई जघन्य आरोपहरु पनि लगाइए ती हुन् १) ओली निरंकुश तानाशाह र फासीवादी हुन् । २) ओलीको संसद विघटन प्रतिगमन हो । तथ्यहरुलाई हेर्ने हो भने लगभग अधिकांश प्रधानमन्त्रीले यही संगीन आरोपहरुको सामना गरेका हुन् । शेरबहादुर देउवा, माधव नेपाल र पुष्पकमल दाहाल ‘प्रचण्ड’ यस्तै आरोपको सामना गरेका ज्वलन्त उदाहरण हुन् ।

### सरकार संचालनमा पार्टी र सरकारको सम्बन्ध

सत्तामा पुगेपछि जब पार्टी र सरकारको सम्बन्धमा विवाद उत्पन्न हुन्छ तब सरकार संकटमा फस्दछ । जबजब मन्त्रीमण्डल र अन्य नियुक्तीमा भागवण्डा मिल्दैन तब तब सरकारविरुद्व असन्तुष्टी बढ्छ । हाम्रो जस्तो राजनीतिमा सरकारविरुद्व जनमत बढ्छ किनकी सरकारले जनप्रिय काम गर्ने सक्दैन । पार्टीहरुभित्र गुटहरुको राज हुन्छ र गुटहरुबीच लेनदेन वा सौदावाजी चल्छ । ओलीको कमजोरी उनले गुटहरुलाई मिलाउन सकेनन् । गुटहरुलाई खुसी पार्न लागे, आफ्नै गुट पनि भत्किने अवस्था बन्छ । जब सरकार र पार्टीबीच द्वन्द्व बढ्छ तब बहस चल्छ ‘सरकारले पार्टी चलाउने कि पार्टीले सरकार चलाउने ।’ मेरो विचारमा कुनैबेला पार्टीले सरकार चलाउँछ भने कुनै बेला सरकारले पार्टी चलाउँछ । सरकार सबैको साझा हो भने पार्टी त्यस्तो हैन । पार्टीले दिएका सबै सुझाब सरकारले कार्यान्वयन गर्न नसक्ने हुनसक्छ । त्यसकारण नीति निर्माणमा पार्टीले गर्ने र सरकार संचालनमा पूर्ण अधिकार दिनु सहि हुन्छ । सारमा सरकारमा पुगेका पार्टी र सरकार सहयोगी एवं पुरक संस्थाहरु हुन् । सरकारका समस्याहरु पार्टीले बुझ्नु पर्छ र पार्टीका समस्याहरु सरकारले बुझ्नु पर्छ । पार्टी प्रमुख र सरकार प्रमुख एउटै व्यक्ति भएको अवस्थामा पनि यस्तो गंभीर विवाद उत्पन्न हुन दुर्लभ हुन्छ । हाम्रोमा सरकारमा पुग्नेहरुले आफूलाई सर्वशक्तिमान अनि अजर अमर ठान्ने र बाहिर बस्नेहरुले आफूँ जान नपाएकोमा षडयन्त्र गर्ने साझा समस्या बनेको छ । पार्टीले सरकारलाई राम्रो काम गर्नका लागी स्वायत्तता प्रदान गर्नुपर्दछ ।

“खेल कम्युनिष्टहरुलाई आपसमा लडाएरै सिद्धाउने देखिएको छ । घटनाक्रमहरुको शिलशिलाबाट अध्ययन गऱ्यो भने उनीहरुलाई बिरोलाले मुला खेलाए जस्तै खेलाइएको ईतिहास छ । यति ठूलो अपमान गरिँदा पनि कम्युनिष्टहरु नै अग्रगामी विकल्पका अवरोधक शक्ति बनेका छन् ।

### संसदीय कम्युनिष्टहरुमा वैचारिक संकट

नेपालका संसदीय कम्युनिष्ट नेताहरुमा सबैभन्दा बढी सामन्तवादी र नोकरशाही प्रवृतिले प्रभाव जमाएको छ । संसदीय पार्टी व्यक्तिको अधिनस्थ पार्टी रहन्छ । आज नेपाली कांग्रेसको संस्थागत निर्णय पार्टी सभापति शेरबहादुर देउवाले जे बोलायो त्यही हुन्छ । एमालेको केपी ओली र माकेको पुष्पकमल दाहालले जे बोल्यो त्यही आधिकारीक हुन्छ । हिजो केपी ओली र पुष्पकमल दाहालबीच कुरा मिलनासाथ चुड्किला भरमा एमाले र माकेको एकता भयो र उनीहरुबीच लडाईं हनासाथ बिना राजनीतिक कारण पार्टी विभाजन भयो । संसदीय राजनीतिमा विचारको बहसको अन्त्य भएको छ । स्वार्थ र भागबण्डा नै आजको ध्रुवीकरणको मुख्य भाग बनेको छ । कम्युनिष्टको विरुद्व कम्युनिष्ट उत्रिएका छन् ।

हिसाब गर्ने हो भने संसदको म्याद अब करीब एक वर्ष मात्र बाँकी छ । यो एक वर्षका लागी निषेधात्मक सत्ताको लडाईं नलडेको भए सबैको जीत हुन्थ्यो । यो लडाईंले मूलतः राष्ट्रिय अन्तराष्ट्रिय रुपमा नै कम्युनिष्टहरुको बदनाम भएको छ । यस्ता घटनाले नेताहरुको राजनीतिक सोंच र चीन्तनलाई प्रतिबिम्बीत गर्दछ । यदि राजनीतिसोंच वा दृष्टिकोणबाट निर्देशीत भएको भए यो विवादको छिनोफानो अदालत वा संसदवाट हैन पार्टीभित्रका विधि पद्धतिबाट गर्नु पर्दथ्यो । जस्तो नेकपा एमालेभित्र केन्द्रिय समितिको निर्णय वा महाधिवेशनको विकल्प बाँकी थियो । पार्टी एकतालाई जोगाउने उपाय पार्टीभित्रकै विधि पद्धति अपनाउनु सहि हुन्थ्यो । तर मुख्य विवाद सत्ताको थियो र प्रतिशोधको थियो । अन्त्यमा वाध्यता वा हारगुहारबाट शेरबहादुर देउवालाई सत्ता बुझाउन दुवै पक्ष सहमत भए तर, आपसमा समझदारी गर्न कुनै पक्ष पनि सहमत भएनन् । आफ्नै पार्टी अध्यक्ष र प्रधानमन्त्रीलाई तानाशाह, निरंकुश, फासीवादी र प्रतिगामीको आरोप लगाउने अवस्था बन्यो । त्यहाँभित्र कोही पनि सही समीक्षा गर्न र गल्तीहरुको महशुस गर्न तयार छैनन् । शेरबहादुर देउवा प्रधानमन्त्रीमा नियुक्त हुँदा वा केपी ओलीको सरकार ढल्दा सबैभन्दा विजय उत्सव माधव नेपाल र पुष्पकमल दाहालले मनाए । बालुवाटारबाट विदाई भएपछि केपी ओलीले सबैभन्दा गाली पनि माधव र प्रचण्डलाई गरे ।

### सरकारी नेकपाको विभाजन

नेपालमा खासगरी चीन विरोधी गतिविधि गर्नका लागी सरकारी नेकपाको विभाजन अनिवार्य थियो । विभाजनका लागी ओली, दाहाल र नेपालका कमजोरीहरु माथी टेक्नु पर्दथ्यो । दाहाल ओलीसँग एकता गर्नुको तत्कालीन उद्देश्य सांसद जित्नु र दिर्घकालिन उद्देश्य एमालेको अध्यक्ष बन्नु नै थियो ।

“नेपालका संसदीय कम्युनिष्ट नेताहरुमा सबैभन्दा बढी सामन्तवादी र नोकरशाही प्रवृतिले प्रभाव जमाएको छ । संसदीय पार्टी व्यक्तिको अधिनस्थ पार्टी रहन्छ । आज नेपाली कांग्रेसको संस्थागत निर्णय पार्टी सभापति शेरबहादुर देउवाले जे बोलायो त्यही हुन्छ ।

ओलीको दादागीरीको विरुद्ध माधव नेपालको कुण्ठा अनी आक्रोश छँदै थियो । एउटा पक्षलाई पेल्न उक्साउने र अर्को पक्षलाई प्रतिरोध गर्न उक्साउने काम बाह्य शक्तिकेन्द्रबाट भएको तथ्य घाम झैं छर्लङ्ग छ । मध्यमार्गी धारहरु कोही पनि सन्तुलीत र निष्पक्ष बन्न सकेनन् । संसद विघटन र पूनर्स्थापना सँगै विभाजित बन्यो ।

प्रश्न फेरी पनि के हो भने बाँकी रहेको जम्मा एक वर्षका लागी पनि किन मिल्न चाहेन एमाले ? जुनै पक्ष नरम भएको भए यो विभाजीत बन्ने थिएन । एमाले भन्ने देउवालाई प्रधानमन्त्रीमा बोक्ने यो गलत अनैतिक राजनीतिक संस्कार थियो । असन्तुष्टीहरुलाई सम्बोधन गर्न नसक्नु केपी ओलीको मुख्य समस्याका कारण पनि पार्टी विभाजित बन्यो आखीर ४ वर्ष पछि नै किन देउवा सरकार बन्नु पऱ्यो त ? सर्वदलीय सरकार बनाएर स्वतन्त्र र निष्पक्ष चुनाव मा गएको भए पनि त हुन्थ्यो । मुख्य कारण आगामी चुनावमा बनाउन खोजीएको गैह्रकम्युनिष्टहरुको विजय हो । त्यसका लागी समयमै एमालेको विभाजन अनिवार्य थियो ।

### सत्ताको चाबी र कम्युनिष्ट

एमाले र एमाओवादी पटक-पटक संसदको ठूलो पार्टी बने तर, सत्ताको चाबी उनीहरुसँग रहेन । यसपालि एमाले र माके मिलेर बनेको नेकपाको चाबी प्राकान्तरले सर्वोच्च अदालतमा पुग्यो र उनीहरुलाई अलग्गाउने काम भयो । संसद विघटनको सन्दर्भमा मनमोहन अधिकारी र केपी ओली दुवै असफल भए । एमाओवादी ठूलो दल भएको संविधान सभालाई काम गर्न दिइएन । गत चुनावमा करिब दुईतिहाई बहुमत ल्याएको नेकपा विभाजीत बनाईयो । यी सबै तथ्यहरुबाट के प्रष्ट हुन्छ भने संसदीय व्यवस्थामा कम्युनिष्टहरुको हातमा सत्ता हुँदैन । बहुमत वा दुई तिहाई बहुमत नै ल्याए पनि उनीहरुले गर्न सक्ने केही हुँदैन । संसदमा नेपाली कांग्रेस टीठ लाग्दो छ, र कम्युनिष्टहरु दुईतिहाई बहुमतमा छन् तर पनि घुमीफिरि प्राकान्तरले सत्ताको चाबी नेपाली कांग्रेस र शेरबहादुर देउवाको हातमा पुगेको छ । अदालतको प्रयोगबाट नेका सत्तामा पुऱ्याईएको छ र त्यसलाई बोक्नेहरु कम्युनिष्टहरु नै छन् ।

अघिल्लो पटक संसद पुनर्स्थापना हुँदा दाहाल र नेपालले उत्सव मनाए भने ओलीले रुवाबासी गरे । केही दिन पछि एमाले र माकेको विभाजन अदालतद्धारा गराइँदा ओली खुसी भए भने दाहाल नेपाल रुवावासी गरे । फेरि दोस्रो पटक संसद पुनर्स्थापनासहित अदालतद्धारा देउवालाई प्रधानमन्त्री बनाउने परमादेश जारी हुँदा दाहाल-नेपालको सत्तारोहण र ओलीको बर्हिगमन भएको छ । खेल कम्युनिष्टहरुलाई आपसमा लडाएरै सिद्धाउने देखिएको छ । घटनाक्रमहरुको शिलशिलाबाट अध्ययन गऱ्यो भने उनीहरुलाई बिरोलाले मुला खेलाए जस्तै खेलाइएको ईतिहास छ । यति ठूलो अपमान गरिँदा पनि कम्युनिष्टहरु नै अग्रगामी विकल्पका अवरोधक शक्ति बनेका छन् ।

यदि संसदीय व्यवस्था नभएको भए केपी ओली पाँच वर्ष ढुक्क सरकार चलाउन पाउँथे । संसदीय व्यवस्थाले कम्युनिष्ट मात्र हैन सबै दललाई कमजोर बनाउँछ । हुँदा-हुँदा जनमोर्चाका सांसदसमेत बिक्रि भए । संसदीय व्यवस्थामा कम्युनिष्टहरुको योभन्दा दुरावस्था के हुन सक्ला ? पार्टीको हीप लाग्ने वा नलाग्ने अनि कारबाही गर्न वा नगर्ने विषयमा समेत अदालतको दोहोरो मापदण्ड अनि आदेश दलीय प्रणालीको अवसान गराएको छ । संसदीय व्यवस्थामा सत्ताको चाबी अन्यत्रै भएको प्रष्ट्याउँछ ।



# बक्स अफिस समाचार

निर्देशनको क्षेत्रमा पृथक पहिचान बनाइसकेका श्यामराजा श्रेष्ठ अहिलेका चलेका निर्देशक हुन् । चलचित्र निर्देशनको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल श्यामराजा श्रेष्ठ पछिल्लो समयका ब्यस्त र निर्माताहरुका पहिलो रोजाईका निर्देशक हुन् । २०५६/०५७ तिर दक्ष कलाकार बन्ने उद्देश्यले बरिष्ठ निर्देशक प्रताप सुब्बासँग अभिनयकलाको प्रशिक्षण लिएका उनी अभिनय कलाको प्रशिक्षण पश्चात 'निशानी', 'उफ यो मन', 'दर्पण छायाँ २', 'तारेभीर', 'नेप्टे', 'द कर्मा' आदि चलचित्रमा काम गरेर निर्देशकीय क्षेत्रमा प्रवेश गरेका हुन् । उनले दर्जन चलचित्र निर्देशन गरिसकेका छन् भने केही चलचित्रमा अभिनय समेत गरेका छन् । फुर्सदको समयमा म्युजिक भिडियो र टेलीसिरियल निर्देशन गर्न पछि नपर्ने निर्देशक श्रेष्ठ काम ठुलो सानो हुँदैन, सोच सानो हुनुहुँदैन भन्छन् । नेपाली सिने क्षेत्रमा एकपछि अर्को नयाँ-नयाँ क्रियशन पस्किन सिपालु निर्देशक श्रेष्ठ लकडाउन र निषेधाज्ञाको समयमा पनि आफ्नो कार्य क्षेत्रमा नै कृयाशील रहेको बताउँछन् । राम्रो कामको जहिले पनि प्रसंशा हुने बुझेका निर्देशक श्यामराजा श्रेष्ठले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानी :

# 'सबै कुराबाट पूर्णता पाएपछि मात्र मनोरञ्जन लिने हो'

> यतिबेला सबैभन्दा महत्व दर्शकको स्वास्थ्यलाई दिनुपर्छ । हामीले चलचित्र बनाउने भनेको नै दर्शकका लागि हो । हाम्रा लागि दर्शकको स्वास्थ्य सबैभन्दा ठूलो कुरा हो । कोरोनाको डर र त्रास कम हुँदै गएपछि चलचित्र क्षेत्र पनि पुरानै अवस्थामा फर्कने छ भन्ने आशामा छु ।



**श्यामराजा श्रेष्ठ, निर्देशक**



**पछिल्लो समय कसरी बित्दैछ ?**

चलचित्रको काम ठप्प भएकोले निर्माणाधीन केही चलचित्रको कथा अध्यायन गर्ने र प्रसारणमा रहेको टेलीसिरियलको निर्देशन तथा सम्पादन कार्य आफैंले गर्नु पर्ने भएकोले यतै समय खर्चिरहेको छु ।

**नेपाली चलचित्र क्षेत्रमा कोभिडको प्रभाव कस्तो पर्‍यो ?**

कोरोना भाइरसका कारण विश्वभरका चलचित्र प्रभावित हुँदा नेपाली चलचित्र यसबाट प्रभावित नहुने कुरै भएन । चलचित्र सम्बन्धी गतिविधि अहिले शुन्य छ । प्राविधिक, कलाकार बेरोजगार बनेका छन् । एकाध चलचित्रको सुटिङ शुरु भएको पनि निषेधाज्ञाका कारण रोकिन पुग्यो । समग्रमा भन्नु पर्दा चलचित्रकर्मी, निर्देशक, निर्माता, सिनेमा हल सञ्चालक, चलचित्र वितरक लगायतलाई धेरै प्रभाव परेको छ ।

**हलहरू बन्द छन् । खुलेको अवस्थामा पनि दर्शक हलमा जान डराइरहेको पाइन्छ यसमा के भन्नु हुन्छ ?**

यस्तो महामारीको समयमा आफ्नो स्वास्थ्यको ख्याल गर्नुपर्छ मनोरञ्जन भनेको त सबै कुराबाट पूर्णता पाएपछि मात्र लिने हो । लामो समयसम्म मनोरञ्जनका क्षेत्र बन्द भइदिँदा सिनेप्रेमी दर्शकहरुको मनस्थिति अन्यत्र मोडिनुलाई म स्वभाविक रुपमा लिन्छु । हल सञ्चालनमा रहेको समयमा पनि प्रदर्शन भइरहेका चलचित्र हेर्न हलहरूमा जाने दर्शकको संख्या दिनप्रतिदिन कम हुँदै गइरहेको थियो । नेपालमा कोरोना संक्रमण अझै पनि देखिरहेको कारण त्यसको त्रासको प्रभाव आममानिसमा धेरै नै छ र सचेत रहन पनि जरुरी छ । विश्व स्वास्थ्य संगठनले नै कोरोना भाइरस विश्वव्यापी महामारी भएको घोषणा गरेको अवस्था छ त्यसैले यसबाट सचेत हुनु नै बुद्धिमता ठहर्छ ।

**नेपाली चलचित्रको भविष्य हब के होला ?**

सधैं यस्तै अवस्था त रहँदैन होला नि । वातावरणमा सुधार आएपछि चलचित्र क्षेत्र पनि विस्तारै चलायमान हुन्छ । यतिबेला सबैभन्दा महत्व दर्शकको स्वास्थ्यलाई दिनुपर्छ । हामीले चलचित्र बनाउने भनेको नै दर्शकका लागि हो । हाम्रा लागि दर्शकको स्वास्थ्य सबैभन्दा ठूलो कुरा हो । कोरोनाको डर र त्रास कम हुँदै गएपछि चलचित्र क्षेत्र पनि पुरानै अवस्थामा फर्कने छ भन्ने आशामा छु ।

**दोस्रो लकडाउन वा निषेधाज्ञा हुनु अघि हलहरू खुलेका भएपनि दर्शक हलमा नजानुको कारणले के संकेत दिन्छ ?**

मेरो विचारमा कोरोनाको त्रासले हलमा दर्शक जान डराएका हुन् । हलमा दर्शक नहुँदाको घाटा निर्मातालाई मात्र होइन हल सञ्चालकलाई पनि हुन्छ । हलमा दर्शक छैन भने हल सञ्चालकले पनि त्यतिकै कर्मचारी पालेर बस्दैन नि । सरकारले नै ठूलो भीडभाड, सभा, समारोह नगर्नु र नजानु भनेपछि त्यसको पालाना हामी जतिको सचेत नागरिकले गर्नु पर्‍यो । यतिखेर हल खुलेपनि निर्माताहरू चलचित्र प्रदर्शन गर्ने कुरामा अन्योलमा देखिन्छ । त्यसैले समयको प्रतिक्षा गर्नुको विकल्प छैन ।

**एकपछि अर्को सिनेमा हल बन्द हुने क्रम बढेको छ, सिनेमा प्रदर्शन कसरी हुन्छ ?**

कुनै पनि समस्याको समाधान भएजस्तै यसको पनि समाधान खोज्नु पर्छ । यति धेरै प्रविधिको विकास भएसँगै मानिसको सोचमा पनि परिवर्तन आएको छ । मोबाइल, युट्युव, इन्टरनेटका माध्येमले हात हातमा संसार हेरिरहेको वर्तमान अवस्थामा नेपाली सिनेमालाई पनि सोही प्रविधिको प्रयोग गरेर आम दर्शक माझ पुर्‍याउने हो कि ? देशैभरी झन्डै १ सय ५० को हाराहारीमा हल सञ्चालनमा थिए । तर, एकपछि अर्को सिनेमा हल बन्द भएको खबरले हामी चलचित्रकर्मीलाई दुःख लाग्नु स्वभाविक हो । शहर केन्द्रित मलहरुमा सञ्चालित थोरै क्षमताका हलहरुलाई व्यवस्थित ढंगले नेपाली सिनेमालाई प्राथमिकतामा राखेर प्रदर्शन गर्ने वातावरण मिलाउन सके केही राहत हुने देखिन्छ ।

**भविष्यको लागि के सोच्नु भएको छ ?**

आफुलाई पूर्णरुपले सिनेमा क्षेत्रमा नै समर्पित गर्ने सोच बनाएको छु । यसै क्षेत्रमा केही उल्लेखनीय कार्य गरौं भन्ने हो । अहिलेसम्म अरु केही सोचेको छैन ।

**कस्तो सिनेमा हेर्न रूचाउँछन् दर्शकहरू ?**

नेपाली दर्शक भनेका हलिउड, बलिउडबाट प्रभावित भएका कारण नेपाली सिनेमा पनि त्यस्तै होस् भन्ने चाहन्छन् । सीमित स्रोत साधन जुटाएर भएपनि दर्शक रुचीको सिनेमा बनाउने प्रयास गरिरहेका छौं । नेपाली परिवेश समेटिएको र कथावस्तु प्रस्तुतिमा उत्कृष्टता भएको सिनेमा व्यावसायिक रुपले सफल भएका छन् ।

**सिनेमा सफल हुनुमा निर्देशकको भूमिका कस्तो हुनुपर्छ ?**

निर्देशकलाई टिम क्याप्टेनको रुपमा लिइन्छ । एक्शन कटमात्र होइन, टिम क्याप्टेन भएपछि जिम्मेवारी ठुलै हुन्छ । कथावस्तुदेखि कलाकार छनोट, लोकेशन चयन आदि कुराको सुष्मरुपले अध्ययन गर्नु र त्यसलाई पर्दामा उतार्ने क्षमता राख्नु पर्छ । क्यामराको एङ्गलसँगै नयाँ नयाँ क्रियशन दिन सक्नु र कस्तो विषयवस्तुमा सिनेमा बनाउँदै छु भन्ने कुरामा ध्यान पुर्‍याउन सकियो भने सफल सिनेमा बन्न सक्छ ।

**अन्त्यमा केही छ कि ?**

अहिले चलचित्रकर्मीहरु मारमा परेका छन् । यसको सुनुवाइ कतैबाट हुन सकिरहेको छैन । राज्यलाई राम्रै कर तिर्दै हजारौंको संख्यामा रोजगार उपलब्ध गराइरहेको सिनेमा उद्योगले यस्तो अवस्था भोग्नु परेको देख्दा सारै चिन्तित छु । महामारीको समयमा पनि मलाई सम्झेर केही भनाइ राख्ने अवसर दिनुभएकोमा तपाईं लगायत लोकप्रिय पत्रिका मध्यान्ह दैनिक परिवारप्रति नमन् ।







> नेपाली दर्शक भनेका हलिउड, बलिउडबाट प्रभावित भएका कारण नेपाली सिनेमा पनि त्यस्तै होस् भन्ने चाहन्छन् । सीमित स्रोत साधन जुटाएर भएपनि दर्शक रुचीको सिनेमा बनाउने प्रयास गरिरहेका छौं । नेपाली परिवेश समेटिएको र कथावस्तु प्रस्तुतिमा उत्कृष्टता भएको सिनेमा व्यावसायिक रुपले सफल भएका छन् ।

> निर्देशकलाई टिम क्याप्टेनको रुपमा लिइन्छ । एक्शन कटमात्र होइन, टिम क्याप्टेन भएपछि जिम्मेवारी ठुलै हुन्छ । कथावस्तुदेखि कलाकार छनोट, लोकेशन चयन आदि कुराको सुष्मरुपले अध्ययन गर्नु र त्यसलाई पर्दामा उतार्ने क्षमता राख्नु पर्छ ।

# राखेप उपाध्यक्ष कोइराला ओलम्पिकमा सहभागी नहुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ साउन

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष शिव कोइराला टोकियो ओलम्पिकमा सहभागी नहुने भएका छन् ।

टोकियो ओलम्पिक जानका केहि दिनको समय बाँकी रहँदा कोइरालाले प्रेस विज्ञप्ति गर्दै आफू नजाने जानकारी गराएका छन् ।

कोइरालाले असार ३१ गतेको मितिमा जारी विज्ञप्तिमा व्यक्तिगत कारणले आफू सहभागी हुन नसक्ने उल्लेख गरेका छन् । टोकियो ओलम्पिकमा भाग लिनका लागि शुक्रबार मात्रै १० सदस्यीय टोली त्यसतर्फ गएको थियो । आफू नजाँदा टोलीमा कुनै असर नपर्ने उल्लेख गर्दै कोइरालाले हाम्रो खेलकुदसँग भने, 'को कसरी जाने भन्ने विषयमा हामी कहाँ प्रणाली छैन । यो समयमा म नभएर टोलीको सफलतामा असर पर्ने देखिन्न । सरकारी बजेटमा नजाउ भन्ने लाग्यो ।'



कुनै बैठक र छलफलबाट आफ्नो नाम सिफारिस नभएको जनाउँदै कोइरानाले विज्ञप्तीमार्फत नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठलाई धन्यवाद दिएका छन् । उनले आफूलाई टोकियो ओलम्पिकमा एथलेटिक्सको व्यवस्थापक बनाइएको भन्ने पनि जानकारी नभएको बताएका छन् ।

एनओसीले कोइराला र राखेपका पूर्व उपाध्यक्ष समेत रहेको एनओसीको सहायक महासचिव पिताम्बर तिम्सिनालाई एथलेटिक्सको व्यस्थापक बनाएको जानकारी दिएको थियो । यसैबीच,टोकियो ओलम्पिक-२०२० मा सहभागी हुन राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव रमेशकुमार सिलवाल शुक्रबार जापानको टोकियो प्रस्थान गरेका छन् ।

टोकियो ओलम्पिकमा नेपाली टोलीको सेभ दि मिसनका रुपमा सहभागी हुन सदस्य-सचिव सिलवाल जापान प्रस्थान गरेका हुन् । उनीसहित सुटिङ र जुडो टोलीलगायत टोली पहिलो चरणमा जापान प्रस्थान गरेका छन् । सदस्य-सचिव सिलवालको अनुपस्थितिमा राखेप बोर्ड एवं कार्यकारी समितिका सदस्य एकेन्द्र कुँवरले निमित्त सदस्य-सचिवको कार्यभार सम्हालने छन् ।

# अस्ट्रेलियन कप्तान फिन्च घाइते




**काठमाडौं / एजेन्सी–** वेस्टइन्डिजविरुद्धको एक दिवसीय सिरिज अघि अस्ट्रेलियालाई झड्का लागेको छ । टी २० सिरिज ४-१ ले गुमाएको अस्ट्रेलियाका कप्तान आरोन फिन्च घाइते भएका छन् ।

जसका कारण पहिलो एक दिवसीयमा उनको सट्टा म्याथ्यू वेडले कप्तानी गर्ने सम्भावना रहेको छ । टी २० खेल्दा फिन्च दौड्दा अप्ठेरो महशुस गरेका थिए ।

उनको ठाउँमा वेडले मौका पाउने अपेक्षा गरिएको छ । वेड आफैले एक दिवसीयमा यदि फिन्च खेलेमा आफूले नखेल्ने मन बनाए पनि अहिलेको अवस्थामा मौका मिल्न सक्ने संकेत गरेका छन् ।

वेडले भने 'म यहाँ टी २० खेल्ने र एक दिवसीय नखेल्ने सोँचका साथ आएको थिएँ । किन की युवा खेलाडीहरुलाई पनि मौका दिनु पर्छ ।' आफूले लामोसमयदेखि क्रिकेट खेलिरहेको तर्फ संकेत गर्दै टिमका लागि आवश्यक परेका बेला मैदान उत्रने पनि बताए । विकेट किपर ब्याट्सम्यानले पछिल्लो सिजन फिन्चको अनुपस्थितिमा एउटा टी २० मा कप्तानी गरेका थिए ।

वेडले अस्ट्रेलिया टिमबाट एक दिवसीय क्रिकेट नखेलेको चार वर्ष भइसकेको छ । 'जतिबेला मौका आउँछ त्यतिबेला कप्तानी गर्न रुचाउँछु ।' वेडले भने । अस्ट्रेलियन टिममा स्टार खेलाडीको कमी नभएको बताउँदै उनीहरुसँग मिलेर कप्तानी गर्दा खुशी नै हुने बताए । उनले मोइजेज हेनरिक्स, एडम जाम्पा, मिशेल स्टार्क र जोस हेजलवुड जस्ता खेलाडीहरुको बीचमा कप्तानी गर्न सजिलो हुने पनि उल्लेख गरेका छन् । तीन वटा म्याचको एक दिवसीय सिरिज अन्तर्गत २१ जुलाईमा पहिलो खेल हुने छ ।

# जिरुड एसी मिलानमा अनुबन्ध




**काठमाडौं / एजेन्सी–** दुई मिलियन पाउण्डमा चेल्सीबाट एसी मिलानमा अनुबन्ध भएका भेट्रान स्ट्राइकर ओलिभर जिरुडले नौ नम्बरका जर्सी पाएका छन् ।

अनुबन्ध रकम एक मिलियन पाउण्ड र एक मिलियन बोनस पाउने सर्तमा चेल्सीबाट इटालीयन क्लब एसी मिलानमा गएका जिरुडलाई क्लबले चर्चित नौ नम्बरको जर्सी दिएको छ ।

फ्रेन्च स्ट्राइकर जिरुडले चेल्सीबाट युरोपा लिग, एफ ए कप र च्याम्पियन्स लिगको उपाधि जितेका थिए ।

जिरुडले एसी मिलान अर्को सिजनको च्याम्पियन्स लिगमा अनुबन्ध भएको खण्डमा एक मिलियन पाउण्ड बोनस पाउने भएका छन । चेल्सीबाट खेल्दा एक सय १९ खेलमा ३९ गोल गरेका जिरुडलाई क्लबले शनिबार सार्वजनिक गरेको हो ।

जिरुडले एसी मिलानमा अनुबन्ध भएपछि आफुले खुसी मनका साथ नयाँ सुरुवात गर्न थालेको बताए ।

जिरुडले सन् २०१८ को जेनेवरीमा १८ मिलियनमा आर्सनलबाट चेल्सीमा अनुबन्ध भएका थिए । चेल्सीमा हुँदा उनले मुख्य तीन उपाधि जितेका थिए ।

# युगान्डाका खेलाडी ओलम्पिक स्थलबाट फरार

**काठमाडौं / एजेन्सी–** टोकियो ओलम्पिक खेल्न पुगेका युगान्डाका युवा भारत्तोलन खेलाडीको खोजि भइरहेको छ । ओलम्पिक भिलेजबाट शुक्रबारदेखि गायब भएका उनले आफू बस्ने कोठामा एउटा नोट छोडेर गएका छन् । जसका उनले आफु जापानमा नै बस्न चाहेको उल्लेख गरेका छन् ।

अर्को साताबाट सुरु हुने ओलम्पिकका लागि जापान पुगेका भारत्तोलन खेलाडी जुलियुस शुक्रबार कोभिडको परिक्षणका लागि नआएपछि उनी भागेको थाहा भएको थियो । उनी बस्ने कोठामा खानतलासी गर्दा उनले एउटा नोट खेलेर छोडेको पाइएको छ ।




जसमा उनले आफु जापानमा नै बसेर भविष्य बनाउन चाहेको उल्लेख गरेका छन् । उनले युगान्डामा बस्न कठिन भएको समेत बताएका छन् । २० बर्षे जुलियुस ओसाका नजिकै रहेको प्रशिक्षण स्थलमा तयारी गरिरहेका थिए ।

उनी टोकियो ओलम्पिक खेल्न नपाउने भएपछि यहि मंगलबार युगान्डा फर्किने तालिका थियो । तर उनले त्यहाँ नजिक रहेको ट्रेन स्टेसनमा नागोयाको टिकट काटेको देखिएको छ । एक महिना अगाडी जापान पुगेको युगान्डाको टिमका दुई जनामा कोरोना देखिएपछि केहि तनाव भएको थियो । तर अहिले फेरि उनी भाग्दा झन तनाव बढेको छ ।


## साउदीमा रोजगारको अवसर

१. कम्पनी: NESMA TRADING CO. LTD. शहर : KSA

पूर्व स्वीकृत मिति: २०७७/१२/१३ | चलानी नं.: ६०१५६१८१ | L.T. No.: 237803 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 37 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Head Waiter | 20 | 0 | | 1500 | ४७,५९४ | | | | | | | |

२. कम्पनी: ABAJA CONT EST शहर : KSA

पूर्व स्वीकृत मिति: २०७८/०१/०२ | चलानी नं.: ६०१५७३२५ | L.T. No.: 239026 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 70 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Whole Vehicle Driver | 10 | 0 | | 1200 | ३८,०७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १० गते (25 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.

पो.ब.नं. २१५७९,महाराजगंज, काठमाडौं । फोन: ४७२१११४, ४७२०५४२, फ्याक्स: ४२२१११८

Email:- rolex.nepal@gmail.com, rolex.nepal@hotmail.com



Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Federal Road Supervision and Monitoring office
**Road Division Chaurjahari, Rukum (West)**

**Invitation for Bids**

Notice No.: 02/078/79
Date of Publication: 2078/04/03 BS (2021/07/18 AD)

Ministry of Physical Infrastructure and Transport; Department of Roads; Federal Road Supervision and Monitoring office, Road Division Chaurjahari, Rukum(west) invites electronic bids from eligible bidders for the following works:

| Contract Identification Number | Description of work | Bid Security Amount in (NRs.) | Bid validity period (days) | Estimated Amount Without VAT & PS (NRs.) | Average Annual Construction Turnover Required (AACT) | Non-Refundable Fee for Bid Document Purchase (NRs.) |
|---|---|---|---|---|---|---|
| DROCJI/33701 116/NCB/078/ 79-07 | Construction of Bailey Bridge over Tallubagar Bheri Khola along Bheri Corridor | 1,110,000 | 90 | | 63 million | 5000 |
| DROCJI/33701 116/NCB/078/ 79-08 | Road Upgrading Works (Roadway Excavation, Plum wall, Gabion wall & Humepipe Culvert) on Bheri Corridor, Jajarkot-Rimna- Chisapani - Tallu Bagar Road Section (Ch 16+000 to 26+000) | 2,190,000 | 90 | | 126 million | 5000 |
| DROCJI/33701 116/NCB/078/ 79-09 | Road Upgrading Works (Roadway Excavation, Plum wall, Gabion wall & Humepipe Culvert) on Bheri Corridor, Jajarkot-Rimna- Chisapani - Tallu Bagar Road Section (Ch 26+000 to 36+000) | 2,190,000 | 90 | | 126 million | 5000 |
| DROCJI/33701 137/NCB/078/ 79-10 | Construction Of Blacktop surface and Humepipe culvert on Syalkhola Chautari- Matela Bridge Road, Rukum West | 60,000 | 90 | 2,069,641.57 | | 3000 |

| | | | |
|---|---|---|---|
| Last date and time of purchase of Bid Document | 2078/05/01 B.S.(2021/08/17 A.D.); up to 12:00 noon | Last date, time and place of bid submission: | 2078/05/01 B.S.(2021/08/17 A.D.); up to 12:00 noon |
| Date, time and place of bid Opening | 2078/05/01 B.S.(2021/08/17 A.D.); 1:00 noon | Bid security validity period | 30 days beyond Bid Validity Period (120 days from the date of bid opening). |
| Date, time and place of Pre-Bid Meeting | 2078/04/22 B.S..(2021/08/06 A.D.) 1:00 noon | | |
| Account No. for bid document purchase | Nepal Bank Limited, Jajarkot A/C No. 00101000000001001001; Office Code: 337016601, Road Division Chaurjahari, Rukum(west), Revenue Heading No.: 14229 | | |
| Account No. for bid security deposit | Deposit Account No. Nepal Bank Ltd, Jajarkot: 07502000000000000340 of District Treasury Controller Office, Jajarkot(Ko.Le.Ni.Ka) or Bank Guarantee (issued by 'A' class commercial Bank) Office Code: 337016601, Road Division Chaurjahari, Rukum(west)(mention purpose of deposit stating contract No. clearly). | | |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit PPMO's e-procurement web portal http://***bolpatra.gov.np/egp*** and for additional information please inspect the bidding documents at the Road Division Chaurjahari, Rukum(west)
2. **Road Division Chaurjahari, Rukum(west) reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.**

**Division Chief**

### महामारीको प्रभाव

# राजश्व कार्यालय चितवनमा लक्ष्यभन्दा १२ प्रतिशत कम राजश्व संकलन

**डिलकुमारी नेपाल/मध्यान्ह**
चितवन, २ साउन ।

आन्तरिक राजश्व कार्यालय चितवनले आर्थिक वर्ष ०७७/०७८ मा १६ अर्ब ६१ करोड ५० लाख ५५ हजार रुपैयाँ राजश्व संकलन गरेको छ । कार्यालयले १८ अर्ब ९१ करोड ५८ लाख ८१ हजारको लक्ष्य लिएकोमा १२ प्रतिशत कम राजश्व संकलन गरेको हो ।

कार्यालयले आयकर, ब्याजकर, मुल्यअभिवृद्धि कर, बहालकर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर शीर्षकबाट राजश्व संकलन गर्दै आउने गरेको छ । यिनै शीर्षकमध्ये आयकर, ब्याजकर र मुल्यअभिवृद्धि करबाट भने लक्ष्यभन्दा बढी कर संकलन गरेको जनाएको छ । अन्य शीर्षकमा लक्ष्यभन्दा कम राजश्व संकलन भएको छ ।




सोहिअनुसार आयकर शीर्षकमा गतबर्ष २ अर्ब २१ करोड १८ लाख २३ हजार लक्ष्य लिएकोमा २ अर्ब ३३ करोड १९ लाख ९१ हजार संकलन भएको छ । ब्याजकर शीर्षकमा ३ करोड ६७ लाख ५६ हजार लक्ष्य लिएकोमा तेब्बरभन्दा बढी १२ करोड ७३ लाख ३१ हजार र मुल्य अभिवृद्धि कर शीर्षकमा १ अर्ब ७८ करोड ३५ लाख ६२ हजार लक्ष्य लिईएकोमा २ अर्ब ३१ करोड ८६ लाख ८४ हजार रुपैयाँ राजश्व संकलन गरेको कार्यालयले जनाएको छ ।

बाँकी अन्य कुनैपनि शीर्षकमा कार्यालयले राजश्व असुली लक्ष्यअनुसार संकलन गर्न सकेन । सबैभन्दा बढी राजश्व संकलन उठाउने अन्तःशुल्क शीर्षकमा राजश्व संकलन लक्ष्यअनुसार नहुँदा कुल राजश्व संकलनमा असर परेको छ । यसै शीर्षकमा गत वर्ष १४ अर्ब ८० करोड ५० लाख ८७ हजार लक्ष्य लिएकोमा ११ अर्ब ७८ करोड ५८ लाख १६ हजार रुपैयाँ राजश्व संकलन गरेको हो ।

बहालकर शीर्षकमा ६ करोड ३० लाख ७१ हजार लक्ष्य लिएकोमा ४ करोड ६९ लाख ९५ हजार रुपैंया संकलन छ भने, शिक्षा सेवा करतफमा ६८ लाख ७७ हजार लक्ष्य लिएकोमा २ लाख ८४ हजार रुपैयाँ संकलन र स्वास्थ्य सेवा कर शीर्षकमा ८७ लाख ५ हजार रुपैंया लक्ष्य लिईएकोमा ३९ लाख ५४ हजार रुपैंया राजश्व संकलन भएको हो ।

पर्यटन क्षेत्रबाट पनि नियमित राजश्व संकलन

कार्यालयका सूचना अधिकारी कपिलराज नेपालका अनुसार अघिल्लो वर्षको जस्तो निषेधाज्ञा कडाई नगरिएकोले राजश्व संकलन प्रभावित नभएको बताए । उनका अनुसार पर्यटन क्षेत्र तर्फ पनि अन्य क्षेत्रबाट जस्तै नियमित कर संकलन हुन थालेको छ ।

आयकर, मुल्यअभिवृद्धि र ब्याजकर शीर्षक अघिल्ला वर्षमा रहेका बक्यौता रकम यस वर्ष असुली भएकोले पनि लक्ष्यभन्दा बढी राजश्व संकलन गरिएको उनले बताए । अघिल्ला वर्ष लिईएको लक्ष्य र संकलनअनुसार पछिल्ला वर्षहरुमा तय गरिने भएकोले लक्ष्य र असुलीको अनुपातमा फरक परेको उनको भनाई छ ।

'बहालकर स्थानीय सरकारमा गएपछि हामीले व्यवसायिक बहालकर मात्र लिन पाउने भएका छौं', उनले भने, 'अन्य शीर्षकहरु भने आर्थिक गतिविधि, समय परिस्थितिअनुसार पनि भर पर्छ ।' शिक्षा सेवा कर शीर्षकमा विदेश पढ्न जाने विद्यार्थी सटही गरेबापत बैंकबाट लिइने र स्वास्थ्य सेवा कर आन्तरिक राजश्व कार्यालयले खारेज गरिएकोले पनि यस शीर्षकको बाँकी बक्यौता मात्र असुली भएको हुँदा राजश्व संकलन कम कम भएको उनले बताए ।

# बीमा कम्पनीहरुको नियमन अब डिजिटल प्रविधिमार्फत

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, २ साउन ।

बीमा समितिले बीमा कम्पनीहरुको सुपरिवेक्षण, नियमन तथा अनुगमन अब डिजिटल प्रविधिमार्फत गर्ने भएको छ । समितिले नयाँ सर्भर र सफ्टवेयर इन्स्योरेन्स रेगुलेटरी म्यानेजमेन्ट इन्फरमेसन सिन्टम (आईआरएमआईएस) सञ्चालनमा ल्याएको हो ।



आफ्ना काम कारवाहीलाई अझ बढी चुस्त, दुरुस्त एवम् पारदर्शी बनाउँदै सरोकारवालाहरुलाई छिटो छरितो सेवा उपलब्ध गराउने उदेश्यले नयाँ सर्भर र सफ्टवेयर सञ्चालनमा ल्याइएको समितिले जनाएको छ। उक्त सर्भर र सफ्टवेयर आईआरएमआईएसमार्फत् बीमा कम्पनीहरुबाट कानूनी, उजुरी, नियमन, नीति विश्लेषण र परिपालन सम्बन्धी विषयका साथै दावी तथा सम्पत्तिको शुद्धीकरणसम्बन्धी विवरणहरु समेत प्राप्त हुनेछन् ।

साथै, बीमालेख तथा बीमाङ्की, अण्डरराइटीङ्ग, वित्तीय एवम् लेखापरिक्षण र सूचना प्रविधि सम्बन्धी विवरणहरु समितिलाई प्राप्त हुने बताइएको छ ।

सञ्चालनमा ल्याइएको सर्भर र आईआरएमआईएस सफ्टवेयरको समितिका अध्यक्ष सुर्यप्रसाद सिलवालले औपचारिक उद्घाटन गरेका हुन् । सो क्रममा अध्यक्ष सिलवालले बीमा व्यवसायलाई प्रविधिमैत्री बनाएर अगाडि बढ्न आधुनिक प्रविधिमा आधारित नयाँ सर्भर र सफ्टवेयर पहिलो भएको बताए ।

उनले नयाँ प्रविधिमार्फत् बीमा कम्पनीहरुले कानुन बमोजिम समितिलाई उपलब्ध गराउनु पर्ने विवरण अनलाईनमार्फत् नै पठाउन सक्ने उनले बताए । 'यसबाट कम्पनीहरुको समय बचत हुनुको साथै, काम कारवाही छिटो छरितो र पारदर्शी हुनेछ,' अध्यक्ष सिलवालले भने, 'तीनको अध्ययन विश्लेषण गरी बीमा सम्बन्धी नीति, रणनीतिको परिमार्जन तथा विश्लेषणका साथै, नियमन र सुपरिवेक्षण गर्न समेत समितिलाई सहयोग पुग्छ ।'

यसैगरी, उक्त सफ्टवेयरमार्फत् बीमा कम्पनीबाट भएका स्थलगत सुपरिवेक्षण, गैरस्थलगत सुपरिवेक्षण, कृषि तथा लघुबीमा र पुनरबीमा सम्बन्धी विवरणहरुका साथै, इजाजत, बीमा अभिकर्ता तथा सर्भेयर र व्यवस्था सूचना प्रणाली सम्बन्धी विवरणहरु समितिलाई प्राप्त हुने व्यवस्था गरिएको छ ।

# ललितपुर महानगरपालिकाको बजेट पारित : पूर्वाधार र सम्पदा संरक्षण प्राथमिकतामा

**ललितपुर/रासस–** ललितपुर महानगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ का लागि पाँच अर्ब ५५ करोड ५५ लाखको बजेट पारित गरेको छ । महानगरपालिकाको सम्पन्न छैटौं नगरसभाले सो बजेट पारित गरेको महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले जानकारी दिए ।




उनका अनुसार विनियोजित बजेटमध्ये चालू खर्चतर्फ रु ९१ करोड ६१ लाख ५७ हजार र पूँजीगत खर्चतर्फ रु तीन अर्ब २४ करोड ३० लाख छुट्याएको छ । पूर्वाधार र मूर्त तथा अमूर्त सम्पदा संरक्षणलाई प्राथमिकतामा राखेको प्रमुख महर्जनले बताए । 'पूर्वाधार निर्माणसँगै मूर्त तथा अमूर्त सम्पदा संरक्षणलाई प्राथमिकतामा राखेका छौं', उनले भने, 'विकास सूचकांकको आधारमा महानगरपालिकाले वडालाई तीन भागमा वर्गीकरण गरेर बजेट विनियोजन गरेको छ ।'

वडालाई तीन भागमा वर्गीकरण गरेर बजेट विनियोजन

महानगरपालिकाले वडालाई तीन भागमा वर्गीकरण गरेर बजेट विनियोजन गरेको छ । १३ वटा वडालाई सबैभन्दा बढी रु तीन करोड २५ लाख, आठवटा वडालाई रु दुई करोड ५० लाख र सातवटा वडालाई रु दुई करोड १५ लाख बजेट विनियोजन गरिएको छ ।

महानगरपालिकाका प्रमुख महर्जनका अनुसार वडा नं १२, १६, १८, २०, २१, २२, २३, २४, २५, २६, २७, २८ र २९ मा रु तीन करोड २५ लाख, वडा नं २, ३, ४, ५, ९, १३, १५ र १७ मा रु दुई करोड ५० लाख तथा वडा नं १, ६, ७, ८, १०, ११ र १९ मा दुई करोड १५ लाखका दरले बजेट विनियोजन भएको छ ।

महानगरपालिका बनाउने क्रममा गाभिएका वडामा धेरै काम गर्न बाँकी रहेकाले बढी बजेट विनियोजन गरिएको प्रमुख महर्जनले बताउनुभयो । यसैगरी महानगरपालिकाले महानगरीय योजनाअन्तर्गत वडा नं ११ मा विद्युतीय शवदाह गृह निर्माणका लागि रु एक करोड बजेट विनियोजन गरिएको छ। शवदाह गृह सञ्चालनका लागि शवदाह यन्त्र सहयोगस्वरुप प्राप्त गर्ने पनि उनले जानकारी दिए।

त्यसैगरी महानगरपालिकाले लगनखेलस्थित सप्तपातल र राजदलगण परिसरमा रहेको पोखरी निर्माणका लागि रु पाँच करोड बजेट छुट्याएको छ । वडा नं २१ मा रुद्रायणी र वडा नं १३ मा पञ्चेश्वर महादेव मन्दिर पुनर्निर्माण, वडा नं २४ मा आयुर्वेदिक अस्पताल र वडा नं २७ स्थित कृष्ण मन्दिर पुनर्निर्माणसमेत यस आवमा शुरु गरिने महानगरपालिकाको योजना छ।

महानगरपालिकाले चक्रपथमा स्मार्ट सडकबत्ती जडानका लागि रु सात करोड र कोभिड विशेष कार्यक्रमका लागि रु पाँच करोड छुट्याएको प्रमुख महर्जनले जानकारी दिए।

# कतारमा कार्यरत पत्रकार पौडेल सम्मानित




**सन्ध्या अर्याल/मध्यान्ह**
दोहा, कतार, २ साउन

करिब डेढ दशकदेखि कतारलाई कर्म थलो बनाएका म्याग्दीका तिलु शर्मा पौडेल कतारमा सम्मानित भएका छन् । गैर आवासीय नेपाली संघ कतारको नवौं राष्ट्रिय महाधिवेशनबाट पौडेल पत्रकारिता पुरुस्कारद्धारा सम्मानित भएका हुन । संघको कार्यकाल २०१७-२०१९ मा स्थापित साहित्य, पत्रकारिता र खेलकुद पुरस्कार अन्तर्गत पौडेल "पत्रकारिता पुरस्कार" बाट १५ हजार १ रुपैयाँ नगद सहित सम्मानित भए ।

उनलाई प्रवासमा रहेर नेपाली समुदायलाई विभिन्न क्षेत्रका सूचना तथा जानकारीहरू प्रदान गर्दै समाज सेवाको अभियानमा पत्रकारितामार्फत अमूल्य योगदान पुराएकोमा सम्मान गरिएको गैर आवासीय संघ कतारले जनाएको छ । कोरोनाको महामारीका बेला कतारबाट भएका करिब ५० वटा चार्टर उडानमा पौडेलले ४४ वटा उडानका समयमा एयरपोर्ट पुगेर प्रत्यक्ष रिपोर्टिङ गरेका थिए । उनले एयरपोर्टबाट पीडितका आवाज जस्ताको तस्तै आम पाठक सामु पुराएका थिए ।

सन् २०१४ बाट पत्रकारीताको शुभारम्भ गरेका उनी म्याग्दी अनलाइन, बेनीअनलाईन, साझा नेटवर्क हुँदै लालीगुराँस र केन्द्रबिन्दु डट कमअनलाईन पोर्टलमा काम गरी सकेका छन् भने छापा सञ्चार अन्तर्गत खासगरी ग़ैर आवासीय नेपाली, बैदेशिक रोजगार तथा अप्रवासी कामदारका समाचारलाई पिराथमिकतामा राख्दैआएको मध्यान्ह राष्ट्रिय दैनिकमासमेत सक्रिय रूपमा समाचार संप्रेशण गरी रहेका छन् । उनले अफिसियल रूपमा पोखरा न्युजसँग आवद्ध रहेर पत्रकारिता गरी रहेका छन् । सामाजिक रूपमा विभिन्न संघ संस्थामा आवद्ध रहेका पौडेल कतारमा निडर र निष्पक्ष पत्रकारिता गर्ने पत्रकारका रूपमा परिचित छन् ।

# एनआइसी क्यापिटलको अध्यक्षमा ढकाल नियुक्त, सहायक कार्यकारीबाट फड्को



**काठमाडौं/मस–** एनआइसी एसिया क्यापिटलको सञ्चालक समिति अध्यक्षमा कपिल ढकाल नियुक्त भएका छन् ।

क्यापिटलको शुक्रबारसम्पन्न सञ्चालक समितिको ९२ औं बैठकले उनलाई अध्यक्ष नियुक्त गरेको हो । ढकाल एनआईसी एसिया बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत हुन् । डेलोइट इन्डिया, आइसीआइसीआइ बैंक र हाम्रो विकास बैंकमा काम गरेको अनुभव भएका ढकाल चार्टर्ड एकाउन्टेन्ट पनि रहेको क्यापिटलद्धारा जारी विज्ञप्तिमा उल्लेख छ ।

उनले एनआई सी एशिया बैंकको हालको बिजनेस प्रोसेस री-इन्जिनियरिङ विभागको प्रमुखका रूपमा पनि काम गरिसकेका छन् । बैंकको उच्च व्यवस्थापन तहमा रहेर १२ वर्ष भन्दा बढीको बैंकिङ अनुभव हासिल गरेका ढकाल हाल एनआइसी एसिया लघुवित्त वित्तीय संस्थामा पनि अध्यक्ष छन् ।

उनको नेतृत्वमा क्यापिटलले अझ बढी कारोबारमा सफलता हासिल गर्ने अपेक्षा गरिएको प्रमुख कार्यकारी अधिकृत रमेन्द्र रायमाझीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

लागूऔषध रहित परिवार:
स्वस्थ जीवनको आधार

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरू हुन सक्छन्

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७८ साउन १५ गते**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७८ साउन १५ गते**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह
Madhyanha Daily दैनिक
बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**